जि.प्र.का. भक्तपुर दर्ता नं. ६२/०६३/६४
www.thimitimes.com.np
थिमि न्यायप्रेम साप्ताहिक
थिमि टाइम्स साप्ताहिक
THIMI TIMES WEEKLY
हाम्रो मध्यपुर
वर्ष १२ | अङ्क ३४ | ने.सं. ११३९ चिल्लागाः सप्तमी २०७५ चैत्र १३ बुधबार | 27 March 2019 Wednesday | पृष्ठ ६ | मूल्य रु १०/–

PROMOTIONAL FUTSAL
फोन नं. ०१-६२१२८२१
मध्यपुर थिमि – ३, गठ्ठाघर
साझा पेट्रोल पम्प पछाडि

उपत्यकाको ट्राफिक अवस्था प्रतिमिनेट २१७ सवारी गुड्छन्

काठमाडौं उपत्यकाको जनजीवन सामान्य जनमानसका लागि कठिन बन्दै गएको छ। किनकी यहाँको व्यस्त र अत्याधिक जाम हुने सडकका कारण मानिसको दैनिक जनजीवन कष्टकर बन्दै गएको छ। भक्तपुरबाट काठमाडौं जाने क्रममा कोटेश्वर-भक्तपुर सडकखण्ड। जहाँ सवारी साधन दैनिक १० मिनेटदेखि डेढ घण्टासम्म ट्राफिक जाममा पर्ने गर्छन्। काठमाडौं महानगरपालिका सहरी विकास आयोजनाले गरेको प्रारम्भिक सर्भेले पनि कोटेश्वर-भक्तपुर सडकखण्डमा अत्याधिक सवारी साधन गुड्ने तथ्य फेला पारेको छ। सर्भेले कोटेश्वर-भक्तपुर सडकखण्डमा प्रतिमिनेट २१७ सवारीसाधन गुड्ने देखाएको छ। यो तथ्यांक बिहान ९ देखि ११ र बेलुका ४ देखि ६ बजेसम्मको हो।

सर्भे समितिका सदस्य तथा पूर्वट्राफिक प्रहरी सीताराम हाछेंथुले दुई साताको प्रारम्भिक सर्भेले कोटेश्वर-भक्तपुर सडकखण्डमा प्रतिमिनेट २१७ वटा सवारीसाधन गुड्ने तथ्य फेला पार

बाँकी अन्तिम पृष्ठमा

आदर्श माबि पुरानै शैलीमा निर्माण हुने

मध्यपुर थिमि – भूकम्पले क्षतिग्रस्त आदर्श मावि लायकूको भवन पुरानो मौलिक शैलीबाटै बन्ने भएको छ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गतको कार्यालयले आरसीसी भवन बनाउनपर्ने अडान गरे पनि स्थानीयको माग मौलिक शैलीबाटै बन्नुपर्ने थियो।

लामो अलमलपछि मध्यपुरथिमि नगरपालिकाले क्षतिग्रस्त विद्यालय भवनलाई आफ्नो खर्चमा पुरानै शैलीमा पुनर्निर्माण थालेको हो। भूकम्पको धक्काले विद्यालय प्रशासन र तीनवटा

बाँकी अन्तिम पृष्ठमा

नीजि विद्यालयले पनि परिक्षा शुल्क नलिने

मध्यपुर थिमि। मध्यपुर थिमि नगरपालिकाले शिक्षाका क्षेत्रमा मुलुकभरमै उदाहरणीय कार्य गरेको छ। सरकारले माध्यमिक शिक्षा नि:शुल्क घोषणा गरेपनि बिभिन्न स्थानमा सरकारी विद्यालयलेनै बिभिन्न बहानामा शुल्क असुल्दै आएका बेला मध्यपुर थिमिले नीजि विद्यालयमा समेत परिक्षा शुल्क नलिने व्यवस्था गरेर उदाहरणीय कार्य गरेको हो।

मध्यपुर थिमिका नगर प्रमुख मदन सुन्दर श्रेष्ठका अनुसार, नगरपालिकाले नगरस्तरीय कक्षा ८ को परिक्षामा सरकारी र सामुदायिक कुनै पनि विद्यालयले परिक्षा शुल्क नलिने नीति लिएको हो। यसअघि जिल्ला स्तरमा हुंदै आएको सो परिक्षा स्थानीय तह सञ्चालनमा आएसंगै नगर स्तरीय हुंदै आएको छ। विद्यार्थीलाई स्थानीय सरकार सर्वसाधारणको शिक्षामा बढी जिम्मेवार छ भन्ने महसुस गराउँन नगरपालिकाले परिक्षा शुल्क मिनाहा गरेको प्रमुख श्रेष्ठको भनाई छ।

आठ सामुदायिकसहित ४६ विद्यालयमा अध्ययनरत एक हजार छ सय ३२ विद्यार्थी सो व्यवस्थासंगै लाभान्वित भएको नगर प्रमुख श्रेष्ठले बताउँनु भयो। प्रमुख श्रेष्ठका अनुसार, परिक्षा शुल्क मात्र होईन, नगरपालिकाले कक्षा आठको मार्कसिट र सर्टिफिकेट लिनका लागि समेत

बाँकी अन्तिम पृष्ठमा

इट्टांभट्टा हटाई वैकल्पिक पेशा रोज्न आग्रह

भक्तपुर। चाँगुनारायण नगरपालिकाका नगर प्रमुख सोम प्रसाद मिश्रले इटा भट्टा व्यवसायीलाई नगरपालिका क्षेत्रभित्रका इटा भट्टा हटाउन आग्रह गर्नुभएको छ। नगरपालिकाले आयोजना गरेको इटा भट्टा व्यवसायीहरुसँग इटा व्यवसाय सञ्चालन गर्दाका कार्यविधी, मापदण्ड र प्रदुषण नियन्त्रणको व्यवस्था बिषयक अन्तर्क्रिया कार्यक्रममा प्रमुख मिश्रले नगर क्षेत्रभित्र इटा भट्टा सञ्चालन गर्न नपाउने नियम पालना गर्न व्यवसायीहरुलाई आग्रह गर्दै अन्य वैकल्पिक पेशा सञ्चालन गर्न सुझाव दिनुभयो।

मिश्रले भन्नुभयो, 'इटा भट्टाका कारण भक्तपुर प्रदुषित बन्दै गएको छ, अब चाँगुनारायण नगरपालिका क्षेत्रभित्र इटा भट्टाहरु बन्द गर्ने नगरपालिकाको निर्णय भएकाले व्यवसायीहरुलाई अन्य वैकल्पिक पेशा सञ्चालनको तयारी गर्न आग्रह गर्दछु।' उहाँले ढिलो चाँडो नगरपालिकाले भट्टा बिस्थापन गर्ने भएकाले त्यसका लागि वैकल्पिक पेशा अंगिकार गर्न व्यवसायीलाई सुझाव दिनुभयो।

प्रमुख मिश्रले अहिले सञ्चालनमा रहेका भट्टाहरुका कारण माटोको क्षयिकरण भई कृषि उत्पादनमा ह्रास आएको र आम मानिसको स्वास्थ्यमा प्रतिकुल असर गरेको भन्दै नगर

बाँकी अन्तिम पृष्ठमा

"आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं।"
सहभागिताका लागि अनुरोध !
बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.को उप-समितिहरुमार्फत निम्न मिति, समय र स्थानहरुमा हुने कार्यक्रमहरुमा शेयर सदस्य तथा शुभचिन्तक महानुभावहरुलाई उपस्थित भई कार्यक्रम सफल पारी दिनुहुन हार्दिक अनुरोध गर्दछौं।
वाकाथन राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा (युवा उपसमितिको आयोजनामा)
मिति : २०७५ चैत्र १६ गते, शनिवार
समय : बिहान ७:०० बजे
स्थान : शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर
नि:शुल्क पाठेघर जांच तथा स्तन परीक्षण शिविर (महिला उपसमितिको आयोजनामा)
मिति : २०७५ चैत्र २३ गते, शनिवार
समय : बिहान ८:०० बजेदेखि
स्थान : जनआदर्श क्याम्पस, शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर
अन्तरसहकारी जिल्लाव्यापी हाजिरीजवाफ प्रतियोगिता (शिक्षा तथा स्वास्थ्य उपसमितिको आयोजनामा)
मिति : २०७५ चैत्र २३ गते, शनिवार
समय : बिहान ७:०० बजेदेखि
स्थान : शंखधर पार्टी प्यालेस, शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर
बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.
BALKUMARI SAVING & CREDIT CO-OPERATIVE LTD.
शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर, फोन: ५०९३३२३, ५०९३४५५

स्तरीय स्बदेशी तथा बिदेशी कपडाका साथै भरपर्दो सिलाईको लागि
श्याम श्रेष्ठ ९८४१२८०४०३
हिसी टेलर्स
Hisee Tailors
लेडिज एण्ड जेन्ट्स सर्टिङ्ग
मध्यपुर थिमि-१३, शंखधरचोक
अफिस, स्कूल र कलेजको ड्रेस सिलाउनुका साथै टाई पिन पनि पाईन्छ।

स्तरीय स्वदेशी तथा विदेशी सर्टिङ्ग सुटिङ्गको लागि सदा सम्झनुहोस्।
एम. एम. इम्पेक्स
M. M. IMPEX
जेन्स् एण्ड लेडिज सर्टिङ्ग सुटिङ्ग सेन्टर
मध्यपुर थिमि-३, सुन्दरनगर, चारदोबाटो (बालकोट जाने बाटोमा)
मोबाइल नं. : ९८१३००२४३८, ९८६११०१०७५
हामी माघ १ बाट यहाँ सर्‍यौं।
यहाँ राष्ट्रिय पोसाक दौरा सुरुवाल, तथा स्कूल कलेज, अफिसको ड्रेसका साथै सबै प्रकारका सर्टिङ्ग सुटिङ्गको कार्य गरिन्छ।

सम्पूर्ण सामान एकै ठाउँमा...
TV POINT
No. 1 Electronics Showroom in Bhaktapur
Shankhadhar Chowk, Thimi
Ph.: 6634542
BRANCH: Sallaghari, Bhaktapur
Chandra Shrestha
Mo. 9851070350
Nhuchhe Manandhar
Mo. 9851067730
LG SAMSUNG BEKO SANSUI SONY Panasonic TCL
www.tvpoint.com.np ▪ e mail: tvpoint.net@gmail.com

शुभ श्री बैंक्वेट
(पार्टी प्यालेस)
सुबिधा सम्पन्न रमणिय पारिवारिक वातावरणमा विवाह, ब्रतवन्ध, तथा अन्य शुभकार्य लगायत सेमिनार एवं आउटडोर इनडोर क्याटरिङ्गका साथै कुक वेटरहरु चाहिएमा हामीलाई सम्झनुहोस्।
सम्पर्क: ६६३८७३४, ९८४१४७७८५२, ९८४१८६५५९४
सिद्धिकालीचोक, मध्यपुर थिमि-४ भक्तपुर

रेमिटेन्स सेवा
IME | WESTERN UNION MONEY TRANSFER | CITY EXPRESS | NepalRemit | MoneyGram | himal remit | IME | Yes Remit | MEGA REMIT | pay remit | SEWA
Regd: 152520/073/074, PAN: 604291897
देशविदेशबाट पठाएको पैसा पाउन र देशभर पैसा पठाउनको लागि
SBK International Pvt. ltd.
Shankhadhar Chowk, Madhyapur Thimi-4, Bhaktapur, Nepal
Contact: 01-6630730, 9851037162, 9841853025, 9841239691
यचु पार्टी भेन्यु

प्रत्यारोपण केन्द्रलाई भक्तपुर अस्पतालको डाइलासिस मेसिन

भक्तपुर । भक्तपुरकै जेठो सरकारी अस्पताल भक्तपुर अस्पतालले सँगै रहेको सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रलाई डाइलासिस मेसिन दुई थान हस्तान्तरण गरेको छ ।

करिब एक वर्षअघि जर्मनीस्थित हनुमान अनलुस नामक संस्थाले दिएको उक्त मेसिन चलाउन नसकिएपछि केन्द्रलाई हस्तान्तरण गरिएको हो । हनुमान अनलुसले गत वर्षको चैत ८ गते भक्तपुर अस्पताललाई उक्त मेसिन हस्तान्तरण गरेको थियो ।

जनशक्ति व्यवस्थापन नभएर एक वर्ष भक्तपुर अस्पतालको स्टोरमा थन्किएको डाइलासिस मेसिन केन्द्रलाई हस्तान्तरण गरिएसँगै सञ्चालनमा आउने पक्का भएको छ ।

भक्तपुर अस्पतालमा आइतबार आयोजित एक कार्यक्रमबीच प्रदेश नम्बर ३ का सामाजिक विकासमन्त्री युवराज दुलालले केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठलाई उक्त मेसिनको कागजात हस्तान्तरण गरेका छन् । केन्द्रले बुझिलिनुअघि मेसिनको अवस्था ठीक भए नभएको अध्ययन गरेको थियो । मेसिन सञ्चालनमा ल्याउन सकिने अवस्थाको भएपछि मात्रै उक्त मेसिन बुझ्न केन्द्र तयार भएको हो ।

उक्त मेसिन बुझिलिएपछि केन्द्रमा चालू अवस्थाको डाइलासिस मेसिन ३७ पुग्ने कार्यकारी निर्देशक डा. श्रेष्ठले जानकारी दिए । उनका अनुसार दुइटा मेसिन थपिएपछि डाइलासिस गराउन लाममा बस्ने बिरामीहरुले चाँडो सेवा पाउने छन् । हाल केन्द्रमा करिब चार सय जना मृगौला बिरामी डाइलासिस गराउने प्रतिक्षासूचीमा रहेको उनी बताउँछन् ।

कार्यक्रममा प्रदेश नम्बर ३ का सामाजिक विकासमन्त्री दुलालले भक्तपुर अस्पताल जिल्ला नभई प्रदेश अस्पताल भएकाले सोहीअनुसार सेवा सुविधा प्रवाह गर्न निर्देशन दिएका छन् । उनले अस्पताल विकास समिति सरकारको प्रतिनिधि भएकाले त्यसलाई नजरअन्दाज नगर्न सचेत गरे ।

भक्तपुर अस्पतालकी मेडिकल सुपरिटेन्डेन्ट डा. सुधा देवकोटाले विकास समितिमार्फत हस्तक्षेप भएको र राजनीति गरेको गुनासो पोखेपछि मन्त्री दुलालले त्यसको ठाडै प्रतिवाद गर्दै भने, 'अस्पताल विकास समिति राजनीतिक संस्था होइन । यो सरकारको अझ मन्त्रीको प्रतिनिधि हो । मन्त्री आउँदा हस्तक्षेप नहुने तर विकास समितिको अध्यक्ष आउँदा हस्तक्षेप हुने र राजनीति गरेको हुने हुँदैन ।'

मन्त्री दुलालले भक्तपुरका मिलन सुवाललाई अस्पताल विकास समितिको अध्यक्षमा नियुक्त गरेर पठाइसकेका छन् ।

उनले मेसु डा. देवकोटालाई घुमाउरो ढंगले असक्षम भएको आरोप लगाउँदै टीम स्पिरिटमा काम गर्न निर्देशन दिए । 'मैले सुनेको छु भक्तपुर अस्पतालमा टीम स्पिरिट छैन । मेसु एक्लैले अस्पताल एकलौटी ढंगले चलाउने खोज्नुभएको छ', मन्त्री दुलालले भने, 'एक्लैले चलाउन खोजेर सफलता हात लाग्दैन । टीम वर्क गर्नुहोस् । टीम स्पिरिट देखाउनुहोस् ।'

'म यो कार्यक्रममा नआऊँ जस्तो नि लागेको थियो', उनले भने, 'तर भक्तपुर अस्पताल र प्रत्यारोपण केन्द्रबीच मिलापत्र गराउन आवश्यक ठानेर आएँ ।' मन्त्री दुलालले दुइटै स्वास्थ्य संस्थालाई अस्वस्थ प्रतिस्पर्धा गर्न छाडेर जनताको स्वास्थ्य उपचारमा ध्यान दिन ध्यानाकर्षण गरे ।

उनले मेसु डा. देवकोटालाई कार्य सम्पादन क्षमता बढाउनसमेत सचेत गरे । कार्य सम्पादन क्षमता बढाए अस्पताल विकास र विस्तारका योजना र बजेट व्यवस्था गर्न आफूलाई कसैले रोक्न नसक्ने उनको भनाइ थियो । 'अस्पतालको कार्य सम्पादन क्षमता बढाउनुहोस् । यो प्रदेश अस्पताल हो, जिल्ला अस्पताल भन्ने भ्रममा नपर्नुहोस्', मन्त्री दुलालले थपे, 'कार्य सम्पादन क्षमता बढेन भने कार्यक्रम र बजेटमात्रै मागेर हुँदैन । म ठेक्का लिन सक्दिनँ ।'

कार्यक्रममा प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठ र भक्तपुर अस्पतालकी मेसु डा. देवकोटाले भक्तपुर अस्पताल, प्रत्यारोपण केन्द्र र भक्तपुर क्यान्सर अस्पताललाई मिलाएर स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गर्नुपर्ने धारणा राखे ।

एमर्जेन्सी भए २४ घण्टामै लाइसेन्स - यातायात व्यवस्था विभाग

काठमाडौं । यातायात व्यवस्था विभागले अत्यावश्यक सेवाको लागि २४ घण्टामै सवारी चालक अनुमति पत्र (लाइसेन्स) उपलब्ध गराउने व्यवस्था मिलाएको छ ।

विभागले सूचना जारी गर्दै 'नेपालबाट विदेश जाने, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीबाट मिसनमा जाने तथा अन्यको हकमा अत्यावश्यक भनी कार्यालयबाट लेखि आएको पत्रको आधारमा छिटो स्मार्ट कार्ड प्रिन्ट गरी पाउँ' भनी निवेदन माग भइ आएमा निवेदक दाताको स्मार्ट कार्ड निवेदन दिएको भोलि पल्टनै प्रिन्ट गरी वितरण गरि दिने जनाएको छ ।

विगतमा यस्ता सेवा ८ देखि १० दिनमा उपलब्ध गराउने भएकोमा गुनासो आएको कारण सेवा चुस्त बनाएको यातायात व्यवस्था विभागका प्रवक्ता गोकर्ण प्रसाद उपाध्यायले जानकारी दिए ।

'हामी ३ महिनाभित्र सबै सेवाग्राहीलाई लाइसेन्सको प्रक्रिया पूरा गरेको १ हप्ताभित्र लाइसेन्स उपलब्ध गराउने तयारीमा छौं । त्यसको यो पहिलो चरण हो,' उपाध्यायले भने ।

हाल प्रक्रिया पूरा गरेका करिब ४ लाख ५० हजार चालक रसिद कै भरमा सवारी चलाउन बाध्य छन् ।

यो 'ब्याक लक' हटाउन यातायात व्यवस्था विभागले एसियाली विकास बैंकको सहयोगमा एउटा मास प्रिन्टर र १० लाख कार्ड ल्याउन ठेक्का प्रक्रिया अगाडि बढाएको छ । बढीमा अबको डेढ महिनाभित्र मास प्रिन्टर सप्लाई हुने विभागले जनाएको छ ।

विभागले ल्याउन लागेको मास प्रिन्टरले एक घण्टामा ५ सय र दैनिक करिब १० हजारको हाराहारीमा लाइसेन्स प्रिन्ट गर्न सक्ने जनाएको छ ।

'मास प्रिन्टर आएपछि ३ देखि ४ महिनाभित्र 'ब्याक लक' हट्ने र त्यसपछि लाइसेन्सको प्रक्रिया पूरा गरेको हप्ता दिनमा सेवाग्राहीलाई लाइसेन्स दिन सकिने गरी हामी काम गर्छौं,' उनले भने ।

हाल विभागमा सातवटा मेसिनबाट दैनिक ३ हजार वटा लाइसेन्स छपाइ हुन्छ । हालसम्म करिब ८ लाख ५५ हजारले स्मार्ट कार्ड पाइसकेको विभागले जनाएको छ । त्यस्तै लाइसेन्स छाप्ने अधिकार प्रदेशमा गइसकेकाले अर्को आर्थिक वर्षदेखि प्रदेशबाट पनि छपाइ गर्ने तयारी भइरहेको उनले जानकारी दिए ।

रञ्जना लिपिको वर्णमाला लोकार्पण

काठमाडौं । नेपाल लिपि गुथिको आयोजनामा निरञ्जन रत्नको सभापतितव तथा महेशमान लँजुवाबाट संचालन भएको कार्यक्रमका प्रमुख अतिथि काठमाडौं महानगर पालिकाया मेयर विद्यासुन्दर शाक्यकाट शनिवार खुसिबुमा रञ्जना लिपिका बर्णमाला लोकार्पण गरेका छन् ।

आधुनिक युगको प्रविधिलाई जनजीवनमा प्रयोग गरि बिश्पभर नेपालभाषाको लिपि प्रयोग गरि समयानुकुल प्रयोगमा नेपाल लिपि गुथिले विकास गरेको रञ्जना लिपिको आय्प्स विशेष अतिथि जनकवि दुर्गालाल श्रेष्ठबाट सार्वजनिक गर्नु भएको हो ।

नेपाल लिपि गुथिका उपाध्यक्ष अनिल स्थापितबाट स्वागत मन्तव्य व्यक्त कार्यक्रममा उनले रञ्जना लिपिको विकास पाचौं शताब्दीमा नै भैसकेको बताउनु भयो । कार्यक्रममा नेवा आन्दोलनका अग्रज तथा मानव अधिकारवादी नेता मल्ल के सुन्दरले रञ्जना लिपिको महत्व व यस लिपिको व्यापकताका लागि त्वाः बहाः, बही ननी चुकहरुको नाम र पसल, कार्यालय, कम्पनीका साइनबोर्डमा रञ्जना लिपिंको प्रयोग गर्न प्रोत्साहन गराउनु पर्ने बताउनु भयो । लिपिको संरक्षण र संवर्द्धन हुने कार्यमा नीति निर्माण गर्न र आवश्यक वइवस्थ ागर्न समेत आवश्यकता औल्याउनु भयो ।

कार्यक्रममा नेपालभाषा क्षेत्रमा बिद्वतबर्ग, भाषासेवी र साहित्यकार, संगीतकार, पत्रकारहरुको समेत उल्लेखिय सहभागिता रहेको कार्यक्रम नेपाल लिपि गुथि र काठमाडौँ महानगर पालिकाको सयुक्त आयोजनामा भएको र पुस्तक प्रकाशन नेपाललिपि गुथिबाट भएको पुस्तकको मुल्य २००।- रहेको र पुस्तकमा बिभिन्न लिपि विज्ञहरुको लेख रचनाहरु समावेश भएको आयोजकले जानकारी दिएको छ ।

साना उद्यमीलाई भ्याट हटाउन ज्ञापन

भक्तपुर । भक्तपुर घरेलु तथा साना उद्योग संघले व्युटीपार्लर, टेलर्स र फर्निचर जस्ता साना एवं लघु उद्यममाथिको मूल्यअभिवृद्धि कर (भ्याट) हटाउन माग गरेको छ । संघले साना तथा लघु उद्यमलाई भ्याटमा जानुपर्ने बाध्यकारी ऐनमा संशोधन गर्नसमेत माग गरेको छ ।

संघले आन्तरिक राजस्व कार्यालय भक्तपुरका प्रमुख सूर्यप्रसाद पोखरेललाई ज्ञापनपत्र दिँदै साना तथा लघु उद्यमलाई भ्याटमा अनिवार्य दर्ता हुनुपर्ने प्रावधान हटाउन ध्यानाकर्षण गरेको हो ।

संघका अध्यक्ष वीरेन्द्र जतीले प्रमुख राजस्व अधिकृत पोखरेललाई ज्ञापनपत्र बुझाउँदै भ्याटमा जानुपर्ने प्रावधानलाई ऐच्छिक बनाई अस्थायी लेखा नम्बर (प्यान) बाटै कर तिर्ने र बुझिलिने व्यवस्था गर्न माग गरे । भ्याटमा जानुपर्ने बाध्यकारी व्यवस्थाकै कारण धेरै साना तथा लघु उद्यम करको दायरामा नआएको जानकारी दिँदै अध्यक्ष जतीले कर तिर्ने सहज वातावरण बनाइदिए बढीभन्दा बढी कर संकलन हुने बताए । 'एक्लैले चलाउने व्युटीपार्लर र टेलर्सका सञ्चालकले दैनिक हिसाबकिताब राखेर भ्याटमा जान सक्ने कुरा होइन', उनले भने, 'यस्ता उद्योगहरुमा उद्यमी स्वयम् लगानीकर्ता, मजदुर तथा बजार व्यवस्थापक हुने हुँदा हिसाबकिताब राख्ने छुट्टै कर्मचारी व्यवस्था गर्न सक्ने अवस्थासमेत छैन ।'

सरकारको अव्यवहारिक र अवैज्ञानिक कर व्यवस्थाले स्वदेशमै स्वरोजगारमार्फत साना तथा लघु उद्यम गर्न चाहेर पनि गर्न सकिने अवस्था नभएको संघका सचिव प्रेमकृष्ण खर्बुजाले बताए । 'स्वदेशमै बसेर व्युटीपार्लर खोल्छु, टेलर्स खोल्छ र फर्निचरका सामान बनाउँछु भन्दा पनि साना व्यवसायीले काम गर्ने वातावरण छैन', उनले भने, 'व्यवसाय दर्ता गर्न जाँदा राजस्व कार्यालयले भ्याटमा जानुपर्छ भन्छ । व्यवसायीहरु निराश भएर फर्कनुपर्ने बाध्यता छ ।'

उनका अनुसार सरकारले घरेलु तथा साना उद्योग कार्यालय मार्फत महिला, लक्षित वर्गलाई स्वरोजगार बनाउने भनी व्युटीपार्लर, सिलाई बुनाई लगायतका तालिम दिन्छ । त्यहीं तालिम लिएकाहरु अव काम गर्छु भन्दा गर्न सकिने अवस्था छैन ।

यता आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत पोखरेलले सञ्चालनमा रहेका व्युटीपार्लर, टेलर्स तथा फर्निचर उद्योग साना एवं कम पुँजीका हुन् कि होइनन् स्थलगत निरीक्षण गरी निर्क्योल गर्न सकिने बताए ।

स्थलगत निरीक्षणका क्रममा कम पुँजीका देखिए यस्ता साना तथा लघु उद्यमलाई भ्याटमा जान बाध्यकारी नबनाइने उनले आश्वासन दिए । ज्ञापनपत्र आफूभन्दा माथिल्लो निकायसम्म पुऱ्याउने बचन दिँदै प्रमुख कर अधिकृत पोखरेलले संघका मागप्रति आफू सकारात्मक रहेको सुनाए ।

जुवातास खेलीरहेको अवस्थामा १६ जना पक्राउ

भक्तपुर । काठमाडौं र भक्तपुरका विभिन्न स्थानमा जुवातास खेलिरहेको अवस्थामा १६ जना पक्राउ परेका छन् । काठमाडौं महानगरपालिका ६ बौद्ध फुलबारी टोलबाट ७ जना, सोही महानगरपालिका १४ बल्खुबाट ५ जना र भक्तपुर मध्यपुर थिमि नगरपालिका ४ राधेराधेबाट ४ जना गरी १६ जनालाई प्रहरीले पक्राउ गरेको हो ।

काठमाडौं बौद्ध फुलबारी टोल डेरा गरी बस्ने तेन्जिङ शेर्पाको कोठामा जुवातास खेलिरहेको अवस्थामा महानगरीय प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले आरुबारी बस्ने ६६ वर्षीय तासी छाप्टेल लामा समेत ७ जनालाई पक्राउ गरेको हो । उनीहरुबाट नगद २ लाख ९८ हजार रुपैयाँ, युरो २ सय ५०, चाइनिज युआन १ हजार १ सय ५२, भारतीय रुपैँया १ हजार १ सय १०, भुटानी मुद्रा १ सय ६६, कोरियन मुद्रा १ हजार, मलेसियन मुद्रा ३, इङ्गल्याण्ड पाउण्ड १०, सिंगापुर डलर ४, मज्याङ खेल्न प्रयोग हुने गोटी १ हजार ४६ वटा, कौडा ६४ थान, तास १७ बुक र जुवातास खेल्न प्रयोग हुने अन्य सामान प्रहरीले बरामद गरेको छ ।

यसैगरी काठमाडौं वल्खुस्थित जमुना थापाको घरमा जुवातास खेलीरहेको भन्ने सूचनाको आधारमा महानगरीय प्रहरी वृत्त कालीमाटीबाट खटिएको प्रहरीले बल्खु बस्ने नुवाकोट बेलकोटगढी ५ का २९ वर्षीय हर्कबहादुर गुम्बा समेत ५ जनालाई जुवातास खेलिरहेको अवस्थामा नगद १ लाख २५ हजार ७ सय ५० रुपैयाँ र १ बुक तास सहित पक्राउ गरेको छ ।

भक्तपुर मध्यपुर थिमि नगरपालिका ४ राधेराधेबाट ३४ वर्षीय राजन भासिमाको कक्टेल नेवारी खाजा घरमा जुवातास खेलीरहेको अवस्थामा राजन समेत ४ जनालाई नगद १ लाख ७५ हजार ५ सय रुपैयाँ र ६ बुक तास सहित महानगरीय प्रहरी वृत्त ठिमीको प्रहरीले शनिबार पक्राउ गरेको छ ।

नेवाः अधिकार सिरपाबाट ३ जना नेवाः अगुवा सम्मानित

काठमाडौँ । नेपालभाषा, नेवार अधिकार र संस्कृतिको विकास अभियानमा योगदान पुऱ्याएका ३ जना नेवाः अगुवाहरुलाई शनिवार एक कार्यक्रमका विच सम्मान गरिएको छ । नेवाः अधिकार सिरपा गुथिले काठमाडौंको खुसिबुस्थित नेवाः ब्याँक्वेटमा आयोजना गरेको कार्यक्रममा नेपालभाषाका वरिष्ठ समालोचक प्रा.डा. माणिकलाल श्रेष्ठ, जनकवि दुर्गालाल श्रेष्ठ र मानव अधिकारवादी नेता मल्ल के सुन्दरलाई यस वर्षको 'नेवा अधिकार सिरपाः'बाट सम्मान गरिएको हो ।

नेपालभाषाका प्रसिद्ध समालोचक डा श्रेष्ठ 'समालोचनाया सिद्धान्त' पुस्तकका लेखक हुन । उनी अस्वस्थताका बाबजुद पनि अस्पतालबाट पुरस्कार ग्रहण गर्न खुसिबुं आएका थिए । श्रेष्ठ नेपालभाषा लगायत जनजातिको अधिकार तथा समानताका लागि विसं २०२२ देखि निरन्तर सङ्घर्ष गर्दै आएका व्यक्तित्व हुन ।

त्यसैगरी 'इमु छम्ह लँय् दु । मरि कुचा बँय् दु ।' जस्ता बाल कवितादेखि 'लुँ हिती व हिती, लुँ हिती नं हिती हे मखुला' नेपालभाषा तथा नेपाली भाषाका मार्मिक कविता सङ्गहका लेखक दुर्गालाल श्रेष्ठ नेपालभाषा साहित्य क्षेत्रका एक हस्ती हुन । त्यस्तै नेपाल भाषाको भाषिक अधिकारका लागि विसं २०२२ देखि सङ्घर्ष गर्दै आएका वरिष्ठ पत्रकार मल्ल के सुन्दर नेपाल भाषाका प्रसिद्ध पत्रिका 'इनाप' का सम्पादक हुन भने राससका पूर्वमहाप्रबन्धक, मानव अधिकारवादी नेता, आदिवासी जनजाति आन्दोलनका अगुवा तथा नेवाः दे दबुका संस्थापक अध्यक्ष समेत हुन ।

सबै पुरस्कारको राशि रु ५०/५० हजार रहेको सो पुरस्कार वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीले प्रदान गरेका थिए । कार्यक्रममा बोल्दै सताब्दी पुरुष जोशीले नेपालको संविधानमा नेपालभाषा लगायतका सबै भाषालाई राष्ट्रिय भाषाका रुपमा लेखिएको भए पनि व्यवहारमा लागू नभएको बताउँदै नेपालभाषालाई थप उन्नतशील बनाउन सबै एक भएर काम गर्नुपर्नेमा जोड दिए ।

सो कार्यक्रममा नेवाः राजनीतिककर्मी, विभिन्न संघ, संस्थाको प्रतिनिधि, नेवाः अधिकारकर्मीहरुको व्यापक सहभागिता रहेको आयोजकले बताएको छ ।

अब सडक बिस्तार गर्दा नागरिकको निजी सम्पत्तिलाई पहिले मुआब्जा दिनुपर्ने

काठमाडौं । सर्बोच्च अदालतले गैरन्यायिक सडक बिस्तारका सम्बन्धमा नेपाल सरकारले गरेको पुनरावलोकनको निवेदनलाई खारेज गरिदिएको छ । सर्वोच्चले यसअघि काठमाडौंका सडक विस्तार परियोजनाका पीडितका सम्बन्धमा पूर्ण इजालसबाट गरेको फैसलालाइ सरकारले पुनरावलोकन गर्न माग गरेको थियो ।

सरकारको पुनराबलोकन मागलाइ सर्वोच्चको पूर्ण इजलासले खारेज गरेको हो । बिहीबार न्यायाधिश मिरा खड्का, विश्वभर प्रसाद श्रेष्ठ,अनिल कुमार सिन्हा, सपना प्रधान मल्ल, टंक बहादुर मोक्तान सम्मिलित बृहत पूर्ण इजलाशले यसअघि सर्वोच्चले गरेकै फैसला सदर गरेको हो ।

गत असोज २ गते पनि सर्वोच्चले पूर्ण ईजलासबाटै पीडितका पक्षमा फैसला गरेको थियो । पूर्ण ईजलासबाट भएको फैसला उपर पनि सरकारले पुनराबलोकन गर्न माग गरेको थियो । उपत्यकामा सडक विस्तारका नाममा यहाँका बासिन्दाको घर नै उठिवास गराएपछि उनीहरु लामो समयदेखि आन्दोलनमा उत्रेका थिए । उपत्यका सडक विस्तार परियोजना अन्तर्गत पीडितलाइ मुआब्जा नै नदिएर घर भत्काएपछि उनीहरु आन्दोलनमा उत्रेका हुन् ।

यो फैसलासँगै अब सरकारले सडक बिस्तार गर्दा त्यस अगाडि नै मुआब्जा अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ । यसअघि सडक सीमा तोकेको वा सेटब्याक छोडेका जग्गामा पनि सडक बिस्तार गर्दा नागरिकको निजी सम्पत्तिलाई पहिले मुआब्जा दिनुपर्ने र त्यसपछि मात्र सडक बिस्तार गरिनुपर्ने कुरा कानुनतः बाध्यकारी भएको उपत्यका सडक विस्तार पीडित संघर्ष समितिका तर्फबाट बहस पैरवी गरेका अधिवक्ता जितेन्द्र बज्राचार्यले बताएका छन् ।

पीडित संघर्ष समितिका अगुवा तथा अध्यक्ष सुमन सायमीले सर्वोच्चको फैसलाले, "अब ऐतिहासिक वस्ती, पुरातात्विक धरोहरहरू सडक बिस्तार गर्दा पूर्ण रूपमा यथास्थानमा संरक्षित हुनुपर्नेछ ।" सम्पत्तिमाथिको अधिकारबाट बञ्चित हुँदा संविधानमा प्रत्याभूत गरिएको कुनै पनि भागमा आवत जावत गर्ने, बसोबास, पेशा रोजगार, उद्योग व्यापार व्यवसाय गर्ने स्वतन्त्रताको हक धारा १७ (ङ) र (च) अनुसार स्वच्छ वातावरणको हक धारा ३०, आवासको हक धारा ३७ले प्रत्यक्ष असर पर्ने देखिएको भने अझ व्यापकतामा जाँदा शिक्षा सम्बन्धी हक, धार्मिक स्वतन्त्रताया हक, भाषा र संस्कृतिया हक समेत प्रभावित हुने देखिएको भन्ने उल्लेख गरिएको छ ।

भक्तपुर सिपाडोलका भट्टराई खत्रीका युवाहरुलाई खली खुवाइयो

भक्तपुरः सामान्य आगोको राप खेप्न त साह्रै पिडा हुन्छ । आगोको भर्भराउदो भूग्रोमाथि नाच्दै उफ्रन को सक्छ ? तर केहि युवाहरु आगोको भुंग्रोमा नाचे भन्दा आश्चर्य लाग्न सक्छ । तर राजधानी नजिक रहेको भक्तपुरको सुर्यबिनायक नगरपालिका वडा ८ सिपाडोलस्थित बैरिखेलमा भट्टराई खत्रीको वशिष्ठ गोत्रका २३ युवाहरुले यसरी नै आगोको भर्भराउदो भूग्रोमाथि नाचेर सबैलाई आश्चर्य चकित बनाएका छन् । यसरी नाचेको दृश्य हेर्न यस क्षेत्रका बासिन्दाहरुले नडराईकन हेरेका थिए ।

एक सय आठ भारी दाउराको भर्भराउदो भूग्रोमाथि एक दर्जन युवाहरुले नाचेर सबैलाई चकित तुल्याएका छन् । भक्तपुरको सुर्यबिनायक नगरपालिका वडा ८ सिपाडोलस्थित बैरिखेलमा भट्टराई खत्रीको वशिष्ठ गोत्रहरुका परम्परादेखि आएको यो कामलाई खली खाने भन्दछन् । गाउँका सबै युवाहरुलाई एकै थलोमा जम्मा गरि महिनौ लगाएर तान्त्रिक बिधिबाट कामेका डाग्रेहरुलाई मात्रै भर्भराउँदो आगोमा नचाएर खली खुवाईने गरिन्छ ।

लडेर, डुबेर, डडेर, विषसेवन वा अकालमा ज्यान गुमाएका आत्माको चिर शान्ति र बाँकी जीवित रहेका सन्ततीहरुको सुख र समृद्धिका लागि भन्दै खली खुवाईने गरेको स्थानीयहरु बताउँछन् । भर्भराउदो भूग्रोमाथि नाचेर खली खाई भट्टराई खत्रीका कुलायन पुजामा सहभागी बनेका कलिला डाग्रेहरुले आफूहरुलाई पहिले सुरुमा डर लागेपनि मज्जाले आगोमा नाच्न सकेको नयाँ धामी युवराज भट्टराई खत्री बताउँछन् । एक महिनादेखि पुजा र ध्यानमा बसेपछि साईत जुराएर खलीको लागि युवाहरुलाई तयार गरिन्छ । खली खुवाउने दिन बेलुका डाँग्रेहरुलाई तयार पारी १ सय ८ भारी दाउरा बालेर बनेको भुंग्रोमा नाच्न लगाइन्छ । नाच्दा सबै भुंग्रोलाई खरानीमा परिणत गर्नुपर्छ । खरानी नबन्दासम्म डाँग्रेहरु र गुरुहरु भुंग्रामा नाचिरहन्छन । जव खरानी हुन्छ अनि विभिन्न नाममा थापिएको देवि देवतालाई बली दिईन्छ । बली पश्चात डाँग्रेहरुलाई बत्ती खुवाईन्छ र खली खुवाउने कार्यक्रम समाप्त हुन्छ । मुलुकका बिरलै स्थानमा गरिने यो प्रचलन प्रति पढे लेखेका नागरिक पनि बिश्वास गर्न बाध्य छन् । आगोको भर्भराउदो भुग्रोमाथि नाच्न सक्ने डाङ्ग्रेहरुको चर्तिकलाले सबैलाई बिश्वास गर्न करै लगाएको छ ।

उनीहरुले आगोको राप अर्थात कोइलामा खाली खुट्टाले टेकेर आगो पूर्ण रुपमा निभाएपछि वायू आएको मानिन्छ । वायु उर्तने गुरु धर्मेन्द्र विष्टलेले यो परम्परा विगतदेखि नै चल्दै आएको बताए । उनले कुलभित्रका कोही ब्यक्तिले आत्महत्या वा अकालमा मृत्यु भएको खण्डमा कुलभित्र अशान्ति हुने र यसो गरेको खण्डमा कुलका सबैलाई शान्ति मिल्ने बताए ।

त्यस्तै सोही कुलका पुराना धामी कुमाल भट्टराई खत्रीले नयाँ बायु निकालेपछि गोत्रभित्रका परिवारका सदस्यतमा शान्ति मिल्ने भएकाले यस्तो गर्नुपरेको बताए । गोत्रभित्र धेरैलाई काम्ने, छोप्ने समस्या आएको र जुनसुकै उपचार गरेपनि निको नभएको कारण यो समस्या कुल रिसाएकै कारण भएकाले खली हालेर शान्ति मिल्ने भएकाले समेत खली परम्पराले निरन्तरता पाएको बताए ।

परम्परातको निरन्तरता र भावी पिडिलाई जानकारी दिने माध्यम समेत बनेको भन्दै उनले भने खली परम्पराले कुल गोत्रमा शान्तिको वातावरण बनाउनुका साथै सौहार्दता समेत काय गर्न मदत पुगेको बताए ।

आगोको भुग्रोमा खाली खुट्टाले नाच्ने काम सामान्य नभएता पनि दैविक शक्तिकै कारण धामीहरुका लागि यो सम्भब रहेको अर्का धामी श्याम भट्टराइ खत्रीले बताए ।

२१ औं शताब्दीका मान्छे विज्ञानमा विश्वास गर्छन् । तर, कतिपय चलनले भने विज्ञानलाई नै चुनौती दिइरहेका छन् । जुन कुरा झट्ट सुन्दा र हेर्दा विश्वास गर्न गाह्रो पर्छ तर यथार्थमा समाजमा चलिरहेको छ । यसैमध्येको नेपाली समाजमा रहेको एउटा परम्परा खली खाने हो । मोहन बल्क, सिपाडोल

सगरमाथाको हिउँ पग्लेपछि आरोहीका शव देखिँदै

काठमाडौं । हिमनदीहरू पग्लिएसँगै सगरमाथामा रहेका आरोहीका शवहरू सतहमा देखिन थालेको भन्दै आरोहण सञ्चालकहरू चिन्तित देखिएका छन् । सर्वोच्च शिखरको आरोहण शुरू भएयता झण्डै ३०० आरोहीले सगरमाथामा ज्यान गुमाएकामा दुई तिहाइ अझै त्यहीँ बरफ र हिउँमा पुरिएको ठानिएको छ ।



आरोहण हुने वसन्त याम शुरू भइरहँदा उत्तरी चिनियाँ मोहडातर्फ रहेका त्यस्ता शवहरू हटाउन थालिएको छ ।

अहिलेसम्म ४,८०० आरोही सगरमाथाको चुचुरोमा पुगेका छन् । 'बढ्दो विश्वव्यापी तापमानका कारण हिउँका सतह र हिमनदी छिटोछिटो पग्लिरहेका छन् र थुप्रैवर्षदेखि त्यहाँ पुरिएका शवहरू पछिल्लो समय सतहमा देखिन थालेका छन्,' नेपाल पर्वतारोहण सङ्घ (एनएमए)का पूर्वअध्यक्ष आङछिरिङ शेर्पाले भने ।

'पछिल्ला वर्षमा ज्यान गुमाएका केही आरोहीका शव हामीले तल झारे पनि पुराना शव भने बल्ल बाहिर देखिन थालेका छन् ।' सगरमाथामा सरकारी सम्पर्क अधिकृतका रूपमा रहेका एक अधिकारी भन्छन्, 'म स्वयंले पछिल्ला वर्षमा झण्डै १० वटा शव हिमालको विभिन्न भागबाट निकालेको छु र बढीभन्दा बढी अहिले देखिएका छन् ।'

एक्सपिडिसन अपरेटर्स एसोसिएसन अफ नेपाल (इओन)का अधिकारीहरूले आरोहणको यस यामका लागि सगरमाथा र लोत्से हिमालका माथिल्ला शिविरबाट सबै डोरीहरू तल झारे पनि शवका हकमा त्यो सहज नहुने बताउँछन् ।

उनीहरूले त्यसका लागि नेपालको कानुन समेत एउटा चुनौती रहेको बताउँछन् । जसका अनुसार सरकारी निकायको संलग्नता विना शव तल झार्न सकिँदैन ।

'यो विषयलाई सरकार र पर्वतारोहण उद्योग दुवैले प्राथमिकतामा राख्नुपर्छ,' इओनका अध्यक्ष डम्बर पराजुलीको भनाइ छ । 'तिब्बततर्फ उनीहरूले त्यसो गर्न सक्छन् भने हामीहरूले पनि यतापट्टि गर्न सक्छौं ।'

सन् २०१७ क्याम्प वानभन्दा माथि एकजना मृत आरोहिको हात देखिएको थियो । पर्वतारोहण सञ्चालकहरूका भनाइमा उनीहरूले त्यसलाई हटाउन व्यावसायिक शेर्पाहरूलाई खटाए । सोही वर्ष खुम्बु हिमनदीको सतहमा अर्को शव देखियो ।

खुम्बु आइसफलका रूपमा समेत जानिने त्यस ठाउँमा पछिल्लो समय सबैभन्दा धेरै शवहरू रहेको आरोहीहरू बताउँछन् । सतहमा शवहरू देखिएको अर्को ठाउँ क्याम्प फोर क्षेत्रमा हो । साउथ कोल समेत भनिने त्यो ठाउँ तुलनात्मक रूपमा केही चौडा छ ।

'पछिल्ला केही वर्षमा शवका हात र खुट्टाहरू आधार शिविरमा समेत देखिएका थिए', त्यस क्षेत्रमा सक्रिय एक गैरसरकारी संस्थाका एक अधिकारीले बताए । 'हामीले आधार शिविर र आसपासमा हिउँको सतह घटिरहेको देखेका छौं, शवहरू खुला देखिनुको कारण समेत त्यहीँ हो ।'

थुप्रै अध्ययनहरूले समग्र हिमालय क्षेत्रमा जसरी सगरमाथा क्षेत्रका हिमनदीहरू तीव्र गतिमा पग्लिरहेको र पातलिँदै गएको देखाउँछन् । सन् २०१५ मा भएको एक अध्ययनका अनुसार हिमाल चढ्नुअघि तर्नुपर्ने खुम्बु हिमनदीमा रहेका पोखरीहरू हिउँ छिटोछिटो पग्लँदा फैलिनुका साथै जोडिएर ठूला भएका पाइएका थिए ।

सन् २०१६ मा नेपाली सेनाले सगरमाथा नजिकैको इम्जा हिमतालमा पानीको सतह बढेर खतराको सङ्केत देखाएपछि त्यहाँ कुलो बनाएर पानीलाई निकास दिइएको थियो । अध्ययनकर्ताहरूको अर्को टोलीले गत वर्ष खुम्बु हिमतालको हिउँ सोचिएभन्दा बढी तातो बन्दै गएको फेला पारेका थिए ।

ब्रिटेनको लिड्स र अबअरिस्विथ विश्वविद्यालय समेत संलग्न उक्त अध्ययनमा त्यहाँको हिउँमा मात्र माइनस ३.३ डिग्री सेल्सियसको न्यूनतम तापक्रम रेकर्ड गरिएको थियो । सबैभन्दा चिसो हिउँ समेत औसत वार्षिक वायुको तापक्रमभन्दा २ डिग्री तातो थियो ।

कतिपय शवहरू खुम्बु हिमनदी चलायमान हुँदा समेत सतहमा देखिएको पर्वतारोहीहरू बताउँछन् । 'हिमनदी चलायमान भइरहँदा हामीले बेलाबेलामा शवहरू देख्नेगरेका छौँ,' नेपाल न्यासनल माउन्टेन गाइड एसोशिएशनका उपाध्यक्ष छिरिङ पाण्डे भोटे बताउँछन् । 'तर धेरैजसो आरोहीहरू मानसिक रूपमा शवहरू देखिने अवस्थाका लागि तयार हुन्छन् ।'

माथिल्ला उचाइमा रहेका कतिपय त्यस्ता शव आरोहीका लागि ठाउँहरू चिन्ने सङ्केतका रूपमा काम गर्ने गरेका छन् । 'ग्रीन बुट्स' नाम दिइएको एउटा त्यस्तो सङ्केत चुचुरो नजिकै छ । ढुङ्गामा आड लागेर ज्यान गुमाएका एक आरोहीको हरियो जुत्ता अझै चुचुरोतिर सङ्केत गर्नेगरी उनको खुट्टामा छ ।

कतिपय आरोहण विज्ञहरूले उक्त शव पछि त्यहाँबाट हटाइएको बताएका छन् । नेपाल पर्यटन बोर्डका अधिकारीहरू भने अहिले त्यसको अवस्थाबारे स्पष्ट पार्न सकेनन् । माथिल्ला शिविरमा शव खोज्नु र तिनलाई त्यहाँबाट हटाउने काम कठिन र महँगो दुवै हुने गर्छ । विज्ञहरूका भनाइमा त्यो ४० हजार देखि ८० हजार अमेरिकी डलरसम्म लाग्छ ।

'सबैभन्दा चुनौतीपूर्ण शव निकाल्ने काम ८,७०० मिटर अर्थात् चुचुरो नजिकैबाट भएको थियो,' एनएमएका पूर्वअध्यक्ष आङ्छिरिङ शेर्पाले भने । 'शव पूरै जमेको थियो र त्यसको तौल १५० किलो पुगेको थियो । त्यो निकै उचाइको कठिन भागबाट निकाल्नु परेको थियो ।'

विज्ञका भनाइमा हिमालको उक्त शवलाई के गर्ने भन्ने विषय समेत निकै व्यक्तिगत हो । 'धेरै पर्वतारोहीहरू यदि मरे भने हिमालमै छाडियोस् भन्ने ठान्छन,' पर्वतारोहणबारे लेखिरहने चर्चित आरोही एलन अर्नेट सुनाउँछन् । 'त्यसैले मृतकका परिवारले नचाहेसम्म वा हटाउनै आवश्यक नपरेसम्म त्यसो गर्नु उनीहरूप्रति निकै असम्मान दर्शाउनु हुनेछ । (बीबीसी नेपालीबाट)

मासुबाट भन्दा तेब्बर प्रोटिन यी फुडबाट प्राप्त हुन्छ

एजेन्सी । अमेरिकाको लोमा लिन्डा युनिभर्सिटी तथा फ्रान्सको नेसनल दा ला रिसर्च अग्रोनोमिकका शोधकर्ताहरूले ८१ हजार जनामाथि एक अनुसन्धान गरेका छन् । उक्त अनसन्धानले देखाए अनुसार मासुबाट भन्दा ड्राइ फ्रुट्स तथा बीउबिजनबाट प्राप्त हुने प्रोटिन मुटुका लागि स्वस्थकर हुन्छ । मासुबाट प्राप्त हुने प्रोटिनले मुटुरोगको खतरा बढाउँछ ।

जसले मासुजन्य प्रोटिन बढी उपभोग गर्छन् उनीहरूलाई मुटुरोगको खतरा ६० प्रतिशतसम्म बढेको पाइयो जब कि ड्राइ फ्रुट्सजन्य प्रोटिन बढी सेवन गर्नेहरूमा यो समस्या ४० प्रतिशतभन्दा कम देखियो । आखिर ड्राइ फ्रुट्सबाट मुटुलाई स्वस्थ राख्ने केकस्ता तत्व पाइन्छन् त ?

देशी बदाम - यसमा पर्याप्त मात्रामा प्रोटिन तथा फाइबर पाइनुका साथै क्याल्सियम, एन्टीअक्सिडेन्ट तथा भिटामिन ई समेत पाइन्छ । यसको सेवनले दाँत एवं हड्डी बलियो हुन्छ । फाइबर हुने भएकाले यो बदाम मुटुका लागि समेत राम्रो मानिन्छ ।

काजु - काजुलाई ड्राइ फ्रुट्सको राजा मानिन्छ । आधा मुठी काजुमा ३७४ ग्राम क्यालोरी, ३१ ग्राम चिल्लो, १६ ग्राम कार्बोहाइड्रेट, १० ग्राम प्रोटिनका साथै पर्याप्त मात्रामा भिटामिन के तथा भिटामिन बी ६ पाइन्छ । यसबाट क्याल्सियम, आइरन, फोलेट तथा जिंक पनि पर्याप्त पाइन्छ ।

पेस्ता - पेस्ता स्वास्थ्यका लागि अति उत्तम खाद्यवस्तु मानिन्छ । यसमा प्रोटिनका साथै म्याग्नेसियम, कपर, फोस्फोरस, भिटामिन बी तथा अत्यधिक फाइबर हुन्छ । यसको सेवनले कोलेस्ट्रोल तथा हार्ट अट्याकबाट बचाउँछ ।

बदाम - १०० ग्राम बदामबाट १ लिटर दूधमा पाइने बराबरकै प्रोटिन पाइन्छ । यसमा प्रोटिनको मात्रा २५ प्रतिशतभन्दा बढी हुन्छ । बदामले पाचन शक्ति बढाउन समेत मद्दत गर्छ ।

ओखर - ओखरमा प्रशस्त मात्रामा प्रोटिन, जिंक, भिटामिन ई, भिटामिन ए, फोलेट तथा फोस्फोरस हुन्छ । यसले रगतको कोलेस्ट्रोल कम गरेर मुटुरोग हुनबाट जोगाउँछ । यसमा विद्यमान जिंकले इन्फेक्सन तथा भिटामिन ईले क्यान्सरबाट बचाउँछ । यसले मस्तिष्कको क्षमता बढाउन समेत मद्दत गर्छ भने यसको नियमित सेवनका कारण मानिस गोरो हुँदै जान्छ ।

किसमिस - दाख वा किसमिसको सेवनले रक्त निर्माणमा वृद्धि हुन्छ । यसको नियमित सेवनले वायु, पित्त तथा कफसम्बन्धी तीनै दोषको निवारण गर्छ । यो मुटुका लागि पनि लाभदायक छ । यसमा पर्याप्त मात्रामा आइरन पाइन्छ । एक कप किसमिसमा ५ देखि ६ ग्रामसम्म प्रोटिन हुन्छ ।

अन्जीर - अन्जिरमा प्रोटिनका साथै पर्याप्त मात्रामा क्याल्सियम एवं भिटामिन ए र बी पाइन्छ । यसको सेवनले कब्जियत, एनिमिया, दम, सर्दी, कम्मरको तथा टाउकाको दुखाइ, थाइराइड तथा पाइल्सजस्ता रोगमा लाभ गर्छ । यसको सेवनले शरीरमा तागत दिन्छ ।

भावपूर्ण श्रद्धाञ्जली

जन्मः
बि.सं. १९८७ श्रावण

मृत्यु
बि.सं. २०७५ फागुन २७

स्व. गौरी नारायण श्रेष्ठ

यस नवदुर्गा भजन मण्डलका जेष्ठ नागरिक तथा भजन प्रति आस्था भएका **गौरी नारायण श्रेष्ठ**को मिति २०७५ फागुन २७ गतेका दिन असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुखद घडीमा शोक सन्तप्त परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति मिलोस भन्ने कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

नवदुर्गा भजन मण्डल परिवार
मध्यपुर थिमि-३, गठ्ठाघर, भक्तपुर

थिमि टाइम्स साप्ताहिक

- म अहिले जँहा छु र जे बन्ने बन्ने आशामा छु, यसका लागि म मेरी आमा प्रति ऋणी छु ।
- म मेरी आमाका प्राथनाहरू अझै सम्झन्छु जसले मलाई पच्छ्याइरहन्छन । जसले म बन्नमा हरदम सहयोग गरिरहन्छ ।

- अब्राहम लिकंन

वर्ष १२ अङ्क ३४ ने.सं. ११३९ चिल्लागाः सप्तमी २०७५ चैत्र १३ बुधबार
27 March 2019 Wednesday

;DkfbsLo

सम्पदा निर्माण र बिस्का जात्रा

२०७२ सालमा गएको बिनासकारी भुकम्पका कारण व्यक्तिगत सम्पतिको मात्र बिनास भएन सार्वजनिक सम्पदाहरुको पनि बिनास भयो । यी सम्पदाहरु देशको लागि बिदेशी पर्यटकहरुबाट देशलाई आर्थिक रुपमा सबल बनाउने माध्यम थिए । आज यी सम्पदाको बिनास भएको पनि ३ बर्ष पुरा हुने अवस्थामा छ । तर ती ढलेका सम्पदाहरुले अझै पनि ठडिने अवस्था आइसकेको छैन ।

यी सम्पदाहर निर्माणमा सरकार जिम्मेवार बन्न सकेको छैन । सम्पदाको निर्माणमा नै बिबाद उठाएर सम्पदा निर्माणको कार्यलाई कसरी हुन्छ । रोक्ने र सम्पदाहरुको बिनास गर्नमा नै सरकारको मनसाय त होइन जनमानस संशकित अवस्थामा छ। यस्तै सम्पदा गुमाउनेमा मध्यपुर थिमि नगरपालिका पनि एक हो । यहाँको प्रमुख मन्दिरहरु बालकुमारी, सिद्धिगणेश नगदेश, बोदेको महालक्ष्मी मन्दिर त्यस्तै मध्यपुरको मल्लकालीन दरबार लाय्कू लगाउत भुकम्पका कारण क्षतिग्रस्त भएका सम्पदाहरु हुन । तीनको जिर्णोद्धारको कार्य हाल नगरपालिकाको अगुवाईमा उपभोक्त समिति मार्फत धमाधम कार्य भइरहेको छ । जुन अत्यन्तै सह्रानिय कार्य हो ।

हालसम्म बोदेको महालक्ष्मी मन्दिरको जिर्णोद्धार कार्य सम्पन्न भइ सकेको छ भने बालकुमारी मन्दिरको जिर्णोद्धार कार्य ३० प्रतिशतको हाराहारीमा सकिएको छ । त्यस्तै बालकुमारीको महादेव पाटी लगाउत पाटी पौवाहरुको कार्य मध्यपुर थिमिको एतिहासिक बिस्का जात्रा पूर्व सम्पन्न हुने मध्यपुर थिमि नगरपालिकाका नगरप्रमुख मदन सुन्दर श्रेष्ठले बताउनु भएका छ । त्यस्तै हाल निर्माण भइ रहेको पोखरिहरुमा निगु पुखुको काम अन्तिम चरणमा पुगेको छ । जसमा यही जात्रामा पानी भरिने योजना रहेको नगर प्रमुख बताउनु हुन्छ । त्यस्तै मध्यपुर थिमिको बिष्णु कुन्दलको पाखरी पुननिर्माणको कार्य सम्पन्न भइसकेको छ ।

मध्यपुर थिमिमा यही बैशाखबाट बिस्का जात्रा पर्व संचालन हुने गर्दछ । तर यही समयमा सम्पदा पुननिर्माणको कार्यले पर्वलाई असर गर्ने त होइन । जस्तै नगदेशको गणेश मन्दिरको पुननिर्माण कार्य यही महिना शुरु हुन लागेको छ । त्यस्तै बिस्का जात्राको लागि जात्रा हुने मुल थलो लाय्कूको भवन पुननिर्माण कार्यको शिलान्यास यही महिनामा भयो । यसले थिमिको एतिहासिक पर्व संचालनमा असर पर्ने देखिन्छ । यी यस्ता सम्पदाहरुको जिर्णोद्धार गर्नका लागि स्थानीय जनजीवनको अवस्था र परिस्थितिको बारेमा सामान्य रुपमा भएपनि अध्ययन गरेर निर्णय गर्दा राम्रो हुने थियो ।

यहाँको जात्रा पर्व संचालनका लागि खुल्ला स्थानको आवश्यकता पर्दछ । यही समयमा निर्माणको कार्य शुरु गर्दा पर्वलाई असर पर्ने अवस्था त छदै छ। साथै व्ययभार समेत बढ्न जान्छ । जसको कारण नगरपालिकाको बजेट नै बृद्धि हुन गई जिर्णोद्धारमा समेत असर पर्ने जाने अवस्थाका बारेमा सोचेको देखिएन । तसर्थ आगामी दिनमा सम्पदा निमाणमा आवश्यक नीति अबलम्वन गर्न एक पटक सोच्ने कार्य गर्नु ठिक होला ।

"दासी" हरूको समानताको माग !–१

– अमित ढकाल

पछिल्ला दिनमा नागरिकता विवाद र बहस सतहमा आएको छ। यो बहस अघि बढ्दै जाँदा हामीलाई अझ कति धेरै सूचना, छलफल र विमर्श चाहिएको रहेछ भन्ने प्रस्ट भएको छ ।

यो बहस कहिलेकाहीँ केही तातो र तितो पनि हुन थालेको छ। बहस नहुनु, सत्तामा बसेकाहरू सुन्न र जवाफ दिन तयार नहुनुभन्दा तातो र तितो बहस नै राम्रो । यसले निकासमा पुग्न सहज बनाउँछ। तथ्य, सूचना र धारणा बाहिर आउँछन् हामीलाई बुझ्न सजिलो हुन्छ।

बहस जति तथ्य र यथेष्ट सूचनामा आधारित हुन्छ, त्यसले निकास दिने उत्तिकै तागत राख्छ। त्यसैले हामी सबैले पहिले तथ्य हेरौं, केलाऔं, धारणा बनाऔं । त्यसपछि मात्र तात्तातो बहस गरौं ।

जारी नागरिकता बहसमा चारवटा मुख्य विषय छन् ।

पहिलो, महिला र पुरुषबीच समान नागरिकताको हक हुने वा नहुने ?

दोस्रो, नेपाली नागरिकसँग बिहे गरेर आएका विदेशी महिला वा पुरुषलाई कहिले र कसरी नागरिकता दिने वा नदिने ?

तेस्रो, आमाको नामबाट सन्तानलाई नागरिकता दिने वा नदिने ?

चौथो, नागरिकताका प्रावधान सुधार गर्दा त्यसले मुलुकको राष्ट्रिय सुरक्षामा आँच आउँछ ? राष्ट्रियता खतरामा पर्छ ?

नागरिकता बहसको सर्वाधिक महत्वपूर्ण मुद्दा नागरिकतामा महिला र पुरुषको समान हक हुने कि नहुने भन्ने विषयबाट छलफल सुरु गरौं ।

समानताको प्रश्न हामीले अंगालेको लोकतन्त्रको मर्मसँग जोडिन्छ। यसलाई हामीले मसिनोसँग बुझ्न र आत्मसात् गर्न जरुरी छ ।

लोकतन्त्रका केही आधारभूत मान्यता छन् । लोकतन्त्रलाई जीवन्त बनाउने तिनै मान्यताले हो ।

प्रत्येक नागरिकबीच राजनीतिक, कानुनी र नैतिक समानता लोकतन्त्रको त्यस्तै आधारभूत मान्यता हो ।

लोकतन्त्रमा राजनीतिक रूपले सबै नागरिक समान हुन्छन्। त्यसैले, सबैको एक भोट मात्र हुन्छ। कसैको धेरै, कसैको थोरै हुन्न। भोट हाल्ने र चुनावमा उठ्न पाउने सबैको समान अधिकार हुन्छ । जन्मकै आधारमा कोही शासक हुन पाउँदैन र नागरिकले नचुनीकन कोही कसैबाट शासित हुनु पर्दैन ।

कानुनी समानता लोकतन्त्रको अर्को आधारभूत मान्यता हो ।

कानुनी समानताको अर्थ हो, सबै नागरिकलाई कानुनको समान संरक्षण प्राप्त हुनेछ। त्यस्तै, कसैलाई पनि जन्म, उत्पत्ति, जात, लिंग, धर्म वा पेसाका आधारमा कानुनले भेदभाव गर्ने छैन ।

समानताको यही आधारभूत मान्यतालाई हामीले नेपालको संविधानमा पनि मौलिक हकका रूपमा स्थापित गरेका छौं ।

संविधानको धारा १८ ले भन्छ (राज्य वा कानुनले नागरिकहरूबीच उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

लोकतन्त्रको यो आधारभूत मान्यता र संविधानकै मौलिक हकको प्रावधानविपरीत नागरिकताको प्रश्नमा हामीले महिला र पुरुषबीच भेदभाव कायमै राख्यौं ।

अहिले संसदमा पेस भएको नागरिकता विधेयकअनुसार कानुन बन्यो भने त्यो भेदभाव कानुनी रूपमा पनि संस्थागत हुनेछ ।

संविधान बनाउने बेला नागरिकताको प्रावधान लेख्दा नै जालझेल गरियो । संविधानको धारा ११ (६) मा लेखिएको छ (नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानुनबमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ ।

तर, नेपाली महिलाले कुनै विदेशी पुरुषसँग बिहे गरे ती पुरुषले नेपाली नागरिकता लिन पाउने प्रावधान संविधानमा छैन ।

नेपाली पुरुषले विदेशी महिला बिहे गर्दा श्रीमतीलाई तुरुन्तै नागरिकता दिलाउन सक्ने तर नेपाली महिलाले विदेशी पुरुष बिहे गर्दा कहिल्यै नागरिकता दिलाउन नसक्ने गरी भेदभाव गरिएको छ ।

यति मात्र हैन, अर्को भेदभाव पनि छ (विदेशी महिलाबाट जन्मिएका नेपाली पुरुषका सन्तानले वंशजको नागरिकता पाउँछन् । तर, विदेशी पुरुषबाट जन्मिएका नेपाली महिलाका सन्तानलाई दण्डित गरेर अंगीकृत नागरिकता दिने व्यवस्था गरिएको छ ।

यो प्रावधानले विभेदलाई अर्को पुस्तासम्म लैजान्छ । नेपाली पुरुषले विदेशी महिला बिहे गरे पनि उसका सन्तानले राष्ट्रपति, प्रधानमन्त्री, प्रधानसेनापति, प्रधानन्यायाधीश र सभामुख बन्न पाउँछन् । तर, नेपाली महिलाले विदेशी पुरुष बिहे गरिन् भने उसका सन्तान ती पदमा पुग्न पाउँदैनन् । अंगीकृत नागरिकलाई यी पदमा पुग्न संविधानले रोकेको छ ।

महिला र पुरुषबीच गरिएका यी विभेद लोकतन्त्रको आधारभूत मान्यताविपरीत छन् । संविधानमा लेखिएको समानताको हकविपरीत पनि छन् ।

लोकतन्त्रमा महिलालाई नागरिकताको एउटा हक र पुरुषलाई अर्को हक हुन्न। यस्तो भेदभाव गर्ने व्यवस्था लोकतन्त्र हुन्न । सामन्ती, निरंकुश वा धार्मिक रूपले अनुदार कतिपय इस्लामिक राज्यले मात्र महिला र पुरुषबीच यस्तो भेदभाव गरेका छन्। संयुक्त राष्ट्रसंघले तयार गरेको यस्तो भेदभाव गर्ने २५ मुलुकको सूचीले त्यही भन्छ।

दुर्भाग्यवश, लोकतान्त्रिक नेपाल पनि महिलामाथि गरिएको यो भेदभावका कारण त्यही कलंकित सूचीमा परेको छ ।

अहिले समानताका पक्षधरहरूले उठाएको मूल मुद्दा यही भेदभाव अन्त्य हो ।

यो असमानता हटाउनुपर्ने मागमा सत्तापक्ष र प्रमुख प्रतिपक्षका धेरै पुरुष सांसदहरूको असहमति छ। उनीहरूले सार्वजनिक रूपमै समानताको मागको प्रतिवाद गर्दै आएका छन् ।

नेकपाका नेता भीम रावलले त यसलाई 'कथित समानता' को माग भनेका छन् । उनले ट्विटरमा लेखेका छन, 'कथित समानताको आवरणमा नेपालभित्र विदेशीहरूलाई भित्र्याउने कार्य नहोस् भनी मैले अनेकपटक पार्टीमा र सार्वजनिक रूपमा भन्दै आएको छु । यसबारे प्रम निवास बालुवाटारमा फागुन १२ र १३ गते भएको उच्चस्तरीय छलफलको निष्कर्षभन्दा बाहिर गएर जनसंख्याको राजनीतिबाट नेपाल सिध्याउने खेल नहोस् ।'

नागरिकताको प्रश्नमा महिलाले मागेको समानता 'कथित समानता' हो भने हामीले भन्नुपर्छ, यो व्यवस्था 'कथित लोकतन्त्र' हो । र, यसो भन्ने नेताहरू कथित कांग्रेस, कथित कम्युनिस्ट हुन् । अन्यथा, जीवनभर समानताको गीत गाएका कम्युनिस्ट र लोकतन्त्रको आलाप जपेका कांग्रेसले महिलाले उठाएको समानताको मागलाई न दुत्कार्न मिल्छ, न त्यो मागबाट भाग्न ।

नेकपा र यसका नेताले त झनै यो प्रश्नबाट भाग्न मिल्दैन ।

एमालेको मूल भंगालो मालेले आफ्नो स्थापनाकालदेखि नै महिला मुक्तिको जायज आवाज उठाएको हो । मालेको एउटा लोकप्रिय जनवादी गीतले भन्थ्यो- 'आमा दिदीबहिनी हो, कति बस्छौ दासी भई, सुखको प्यासी बनेर ?'

आज तिनै महिलाहरूले समानताको माग गर्दा रावलजी भन्छन, 'बालुवाटारमा फागुन १२ र १३ गते भएको (पुरुषहरूको) उच्चस्तरीय छलफलले नागरिकताबारे निष्कर्ष निकालिसक्यो । त्योभन्दा बाहिर गएर केही हुन्न ।'

भनेपछि महिला सांसदहरू अहिले पनि नेताहरूका राजनीतिक दास हुन ? त्यसो भए महिला सांसदहरूले अब संसदमै गाउनुपर्ने भयो- 'उठ दिदीबहिनी हो, कति बस्छौ दासी भई, स्वाभिमानको प्यासी बनेर ।'

नेकपाको माओवादी भंगालोको झन् के कुरा !

महिला मुक्तिका लागि र सत्तामा महिलाको ५० प्रतिशत हिस्साका लागि हजारौं महिला छापामारले आफ्नो ज्यान दिए । सत्तामा उनीहरूले ५० प्रतिशत हिस्सा त पाएनन् नै, अहिले पार्टी भन्दैछ- नागरिकतामा तिमीहरूले पुरुषसरहको हक पनि पाउन्नौ !

नेपालको राजनीतिमा परिवर्तनका लागि कांग्रेस र कम्युनिस्टहरूले लामो र त्यागपूर्ण संघर्ष गरेका छन्। अभिव्यक्त अभिमतले भन्छ, अहिले पनि बहुसंख्यक नेपालीको विश्वास यिनै पार्टीमा छ ।

त्यसको अर्थ, भोलिको जिम्मेवारी पनि उनीहरूकै काँधमा छ। इतिहास र भविष्य भएका यी पार्टीको महिलाका सवालमा देखिएको विचलन भने पीडादायी छ । यो सच्चिनु आवश्यक छ ।

अब दोस्रो विषयमा जाऔं- नेपाली नागरिकसँग बिहे गरेर आएका विदेशी महिला वा पुरुषलाई कहिले, कसरी नागरिकता दिने वा नदिने ?

संसारमा सायदै कुनै मुलुक होला जसले आफ्नो नागरिकसँग बिहे गर्ने विदेशीलाई तुरुन्तै नागरिकता दिन्छ । नेपालमा भने अहिले नेपाली पुरुषले बिहे गरेर ल्याएका विदेशी महिलाले तुरुन्तै नागरिकता पाउँछन् । माथि नै उल्लेख भएझैं नेपाली महिलासँग बिहे गर्ने पुरुषले भने कहिल्यै नागरिकता पाउँदैनन् ।

भारतले पनि आफ्ना नागरिकसँग बिहे गरेर मुलुकमै बस्न आउने विदेशीलाई सात वर्षपछि मात्र नागरिक बन्ने प्रक्रिया सुरू गर्ने अनुमति दिन्छ । धेरै देशमा यस्तै लामो प्रक्रिया पूरा गर्नैपर्छ । केही वर्ष कुर्नैपर्छ ।

संविधान लेख्दा नेपालमा पनि बिहे गरी आउने विदेशीका हकमा पाँच वर्ष वा सात वर्ष कुर्नुपर्ने प्रावधान राख्ने छलफल चलेको थियो । लगभग सबै पार्टीका मधेसी सांसदले त्यो सर्त राख्न मानेनन् । कहीँ नभएको प्रावधान राख्न मधेसी सांसदहरूको 'दादागिरी' स्वीकारियो । महिला सांसदको 'दादागिरी' पुगेन, उनीहरूको समानताको मौलिक हक पनि खोसियो ।

यसमा दुवै कुरा संशोधन हुनु जरुरी छ ।

पहिलो, विदेशबाट बिहे गरी आउने महिला र पुरुष दुवैका लागि एउटै व्यवस्था गर्नुपर्छ । भेदभाव गरिनु हुन्न ।

दोस्रो, नेपाली नागरिकसँग बिहे गरी आउने विदेशीका हकमा के गर्ने भन्ने व्यापक छलफल गरेर तय गर्नुपर्छ । नेपालको नागरिकता लिन उनीहरूले कम्तिमा पाँचदेखि बढीमा दस वर्ष मुलुकमै बसोबास गरेको हुनुपर्ने कानुन बनाउन सकिन्छ । अन्य प्रक्रिया तय गर्न सकिन्छ। तर, पुरुषका लागि एउटा र महिलाका लागि अर्को व्यवस्था गर्न पाइन्न ।

अब तेस्रो मुद्दा हेरौं- आमाको नामबाट नागरिकता दिने विषय ।

आमाको नामबाट नागरिकता दिनुपर्छ भन्ने विषय उठ्दा धेरै पुरुष र पुरुष सांसदहरूले पाखुरा सुर्केका छन् । के अब नागरिकतामा बाबुको नामै नरहने ? यसमा पनि चुरो नबुझी बहसमा उत्रिने र पाखुरा सुर्कने धेरै छन् ।

अहिले राज्यले बाँड्ने नागरिकता कार्डमा आमा र बाबु दुवैको नाम लेख्ने ठाउँ छ। विवाहित दम्पतीबाट जन्मेका सन्तानको हकमा दुवै जनाको नाम लेखिन्छ । लेखिनुपर्छ । त्यसैले प्रश्न अब नागरिकतामा बाबुको नाम रहने

बाँकी अर्को अंकमा

भक्तपुर नापी कार्यालयलाई चिट्ठी

भक्तपुर नापी कार्यालयमा अझै पनि तपाईं आफ्ना जग्गा जमिनका कागजात लिन जानुभयो भने दुःखै पाउनुहुन्छ, सुविस्ता होइन। नापी कार्यालयमा जाँदा तपाईं पहिलो तलाको भऱ्याङ्गमै स्लाट भिजनमा रङ्गीन अक्षरमा विभिन्न आकर्षक अक्षर घुमिरहेको पाउनुहुन्छ। तपाईंको समस्या सम्बन्धित अधिकृतसँग भन्नुहोला भनी लेखिएको पाउनुहुन्छ।

आजको विज्ञान र विद्युत्तीय युगमा धेरै काम मेसिनले गर्न थालेको छ । अब अड्डा, अदालतमा रहने स्रेस्ता कम्प्युटरबाट हुन थालेका छन् । नापीमा पनि २०२१ सालको सर्भे नापी हुँदा नापजाँच भएका जमिन ऐलानी, पर्ती, रैकर, गुठी, भिट, जङ्गल आदिका ब्लुप्रिन्ट नक्सा बनेको सर्वसाधारणलाई थाहा छ । टायल चेक गरी लिखतबमोजिम कायम हुने जग्गा साविक नम्बरबाट कित्ताकाट भई नयाँ नम्बर राखिने र रजिस्ट्रर राखी जग्गाको ट्रेस बनाई मसी भराई कित्ता नम्बरहरू कायम गरिन्छ ।

साविक नटुक्रेका जग्गाहरूमा भने सोही नम्बर नै कायम भइरहेको हुन्छ। कम्प्युटरमा ब्लुप्रिन्ट नक्सामा भएका नम्बरहरू राखिँदा ती नम्बरहरू फरक पार्नुहुन्छ र ? यसरी फरक पार्दा किर्ते जालसाजीमा पर्छ वा पर्दैन ? असल मनसायले भूल हुन गएको हो भने त्यो जालसाजी नहुन सक्दछ । तर, खराब मनसायले गरेका भए उन्मुक्ति हुँदैन । नक्सा जीर्ण भई अलमल भएमा अन्दाज गरेर नम्बर चढाउनु हुँदैन । यस्तोमा सतर्कता अपनाएर डाटा सेभिङ्ग गरिनुपर्ने र कथम्कदाचित केही तल माथि पर्न गएमा त्रुटी सच्याउनुपर्छ । स्रेस्ता तुरुन्तै दुरुस्त राख्नुपर्छ । छ त त्यस्तो ? नागरिकको सम्पत्तिको अभिलेख राखिने त्यो कार्यालय त्यति संवेदनशील छैन, जति हुनुपर्ने हो । कम्प्युटराइज्ड गरिएका नक्सामा नक्सा जीर्ण भएको कारणले फरक परेकोमा सक्कल हेरी सच्याइने छ भन्ने त पाइन्छ तर गरिएको देखिएन । २०२१ सालको ब्लुप्रिन्ट नक्सामा स्पष्ट देखिएका नम्बरहरू के कति कारणले फरक नम्बरहरू चढे ? के कारणले क्षेत्रफल घटे ? एक स्थानमा भएको नम्बर अर्को स्थानमा कसरी राखियो ? जबकि क्षेत्रफल र चार किल्लाको सिलसिलेवार नम्बर नै मिल्दैन ।

हुन त कम्प्युटरमा चढाइएको नम्बर ब्लुप्रिन्टसँग ट्याली नहुँदा वा गलत चढेकोमा आधिकारिकता त जग्गाधनी पुर्जा र ब्लुप्रिन्टले नै पाउने हो । त्यसरी इन्ट्री गरिएका नम्बरहरू डाटा प्रिन्ट गर्ने कर्मचारी एक जवानमात्र हुँदैन । त्यसलाई तीनजना कर्मचारीबाट जाँचिन्छ । पहिलो डाटा राख्ने, दोस्रो भेरिफाइ गर्ने र अन्तिम फाइनल चेकिङ्ग गर्नेसमेतको दायित्व हुन्छ, अनि कसरी फरक हुन्छ नम्बर ? फेरि खोलाको साँधको जग्गामा जग्गाको र खोलाको एउटै नम्बर कसरी हुन्छ ? यो त जे मनलाग्यो गरेको भएन र ? त्यसो हो भने त्यसको नक्कल प्रतिलिपि किन दिइन्न र ब्लुप्रिन्ट नै खुम्चाई गज्याङ्गमज्याङ्ग पारिएका, च्यात्तिएका प्रमाणहरू छन, नियत के हो ? त्यसको लागि कार्यालय दोषी हुन्छ। यी विषयमा गम्भीर भएर सुधार गर्न तदारुकता नदेखाउँदा सरकारको सुशासन, समृद्धि र भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा सरकारी कार्यालयले नै सहयोग नपुऱ्याएको ठहर्छ । कानुनी राज्यको अवधारणा फितलो हुन्छ। राज्यका संयन्त्रहरू पनि सक्रिय हुन जरुरी छ, आर्थिक प्रलोभनमा परी अपराध गर्नेको परिवेश र नियत पनि हेर्नुपर्दछ । हामीकहाँ कुनै पनि क्षेत्रमा त्यस्ता कर्मचारी नराखिनाले पनि अनेकन अपराधका फेहरिस्त बनेका छन् । अतः बेलैमा भक्तपुर जिल्लास्थित सबै नगरपालिकाहरूको जग्गामा पर्न गएका (कम्प्युटरमा राखिएका कित्ता नम्बरहरू र फरक परेका क्षेत्रफलहरू) र चार किल्ला मिले नमिलेका र त्यतैबाट कुनै बदमासी हुन गएको पो छ कि ? सुरुमा ठीक बनेका र पछि फेरबदल गरिएको पो हो कि ? रेकर्डमा हेरी व्यहोरा खुलाई चढाइएको छ छैन ?

सम्बन्धित हाकिमलाई जानकारी गराएको हो होइन ? मालपोतका मोठहरूमा सँधियारका मोठहरू के कस्ता अवस्थामा छन् सोको जाँच गराई सुधारको प्रक्रिया अघि बढाउन अनिवार्य भइसकेको छ अन्यथा भोलिका दिनमा यसैबाट सरकारको बद्नाम नहोला । सरकारको दुई दायित्व छ- पारदर्शिता र जिम्मेवारी । ग्रामीण भेगका जग्गा जमिनहरूमा व्यापकरूपमा जनगुनासाहरू बढिरहेका छन् । बेलैमा निगरानी गरी स्रेस्ता दुरुस्त राख्ने सरकारको जिम्मेवारी हो । यस्तो कार्यहरूमा बेलैमा सजगता नअपनाई अलमलाउने वा बहानाबाजी गर्ने वा ढिलासुस्ती गर्ने कर्मचारीउपर कारबाही हुनुपर्छ ।

- अन्नपूर्ण केसी, भक्तपुर

साफ बलियो मानिएको नेपाल उपबिजेता

विराटनगर । साफ महिला च्याम्पियनसिप फुटबलको उपाधि जित्ने नेपालको सपना यसपटक पनि अधुरै रह्यो । एकपटक सेमिफाइनलमा भारतसँग हारेको नेपाल अहिलेसम्म चार पटक त फाइनलमा नै पराजित भइसक्यो । हरेक पटकको विजेता भने उही भारत बनेको छ ।

साफ फाइनलमा भिड्नुअघि भारतसँगको पछिल्लो दुई खेलमध्ये एक खेलमा जित र एक खेलमा बराबरी गरेर बलियो मनोबलमा रहेको भनिएको नेपाल कसरी कमजोर बन्न पुग्यो त ?

प्रशिक्षक हरि खड्का भन्छन, 'हामी आफ्नै कारण हार्‍यौं ।' समूह चरणमा भुटान र बंगलादेशलाई समान ३-० ले हराएको नेपालले सेमिफाइनलमा श्रीलंकालाई ४-० ले हराएको थियो ।

भारतविरुद्धको डरको भूत हराएको बताइरहेका खड्का मात्र होइन, नेपाली खेलाडी पनि उच्च मनोबलमा थिए । तर, आत्मविश्वासी प्रशिक्षक र खेलाडीसँगै लाखौँ समर्थकको सपना भने पूरा हुन पाएन ।

खेलको सुरुवाती समयमै नेपालले बल आफ्नो पकडमा राखेर भारतमाथि दबाव बनाएको पनि थियो । तर सुरुवाती समयमै गोल ननिस्किदा अग्रता बनाउन चुक्यो । भारतले २३ औं मिनेटमा अग्रता लिएको १० मिनेटपछि बराबरी गोल गरेको नेपाल खेलमा फर्किने अनुमान गरिएको थियो ।

तर, दोस्रो हाफ नेपालले पूरै दबावमा खेल्यो । पहिलो गोल खानुमा पनि भारतको बलियो पक्षभन्दा नेपालकै सानो कमजोरी देखियो ।

किपर एञ्जिला तुम्बाप्पो सुब्बा निकै अगाडि बढेको अवस्थामा करिब ३० यार्ड टाढाबाट भारतकी डालिमाले फ्रिकिकबाटै गोल गरेकी थिइन् । गोलकिपर गोललाइनमा नै भएको भए त्यो कठीन बल थिएन ।

६३ औं मिनेटमा भारतको दोस्रो गोल खेलको 'टर्निङ पोइन्ट' बन्यो । मिस पासपछि डिफेन्स लाइनमा देखिएको कमजोरीले खाएको दोस्रो गोलले नै खेलाडी निराश बन्न पुगे । उनीहरु पूरै दबावमा परे ।

नेपालको डिफेन्स लाइन मात्रै होइन, फरवार्ड लाइन पनि चल्न सकेन । यस्तो लाग्थ्यो पहिलो हाफमा नै ठूलो एरिया कभर गरिरहेका खेलाडी दोस्रो हाफमा स्टामिना गुमाइसकेका थिए ।

घरेलु मैदानमा उपाधी उचाल्न चुकेपछि प्रशिक्षक खड्काले आफ्ना खेलाडीले योजना अनुसार खेल्न नसकेको स्वीकार गरे । प्रशिक्षक खड्काले भने, 'हाम्रै गल्तीको कारण दोस्रो गोल खान पुग्यौं । हाम्रो सेट बिग्रिएर खेल बिग्रियो । सामान्य बल थियो । पास दिनुपर्ने थियो तर डिफेन्सले सकेन ।'

प्रशिक्षक खड्काले आफ्ना विंगरहरु चल्न नसकेको कारण गोल ननिस्किएको बताए । उनले भने, 'दोस्रो हाफमा राम्रो खेल्न सकिएन । विंगरहरु हाम्रो मुख्य हतियारको रुपमा थिए तर, उनीहरु पनि चल्न सकेन ।'

भारतकी प्रशिक्षक मायमोल रोक्कीले युवा टिमले घरेलु टोलीलाई पराजित गर्दै उपाधि जित्न ठूलो कुरा भएको बताइन् । उनले भनिन, 'पहिलो हाफमा केही दबावमा खेल्यौं तर, ब्रेकमा ब्रिफिङ गर्‍यौं र खेल सुध्रियो ।' उनले थपिन, 'हाम्रो युवा टिमले फाइनलको दबाव कसरी थेग्छ भन्ने मलाई डर थियो तर केटीहरुले राम्रो खेले ।'

प्रतियोगितामा नेपाली समर्थकका लागि नेपालकी सावित्रा भण्डारी सर्वाधिक गोलकर्ता हुनुबाहेक खुशी मनाउने अरु कारण मिलेन । सावित्रासँगै भारतकी इन्दुमतिले पनि सर्वाधिक चार गोल नै गरेकी थिइन् । प्रतियोगिताको 'मोस्ट भ्यालुएबल' खेलाडीको अवार्ड भारतकी डालिमा छिब्बरले जितिन् ।

यसपटक पनि भारतलाई पराजित गर्दै साफको उपाधि जित्ने नेपालको सपना मात्रै अधुरो भएन, भारतको कीर्तिमान ब्रेक गर्न पनि असफल भयो । पाँचौ पटक साफ च्याम्पियनसिपको उपाधि उचालेको भारतले अहिलेसम्म साफ च्याम्पियनसिपमा कुनै पनि खेलमा पराजित भएको छैन ।

होचा पुरुषसँग विवाह गर्ने महिला बढी खुसी

एजेन्सी । काठमाडौं । प्रेम सम्बन्धमा रहन होस् वा विवाह गर्नको लागि होस् हरेक शारीरिक हिसावले महिलाको रोजाइमा अग्लो हाइट भएको पुरुषहरु रोजाइमा पर्ने गर्छन् । तर एक अध्ययनले अग्लो हाइट भएका पुरुष भन्दा होचो हाइट भएका पुरुषहरू सम्बन्धमा इमान्दार रहने देखाएको छ । होचो हाइट भएका पुरुषहरू अग्लो हाइट भएका पुरुष भन्दा आत्मविश्वासी र आफ्नो पार्टनरप्रति धेरै नै समर्पित हुने देखाएको छ ।

हालै अमेरिकाको न्यूयोर्क यूनिभसिटीले गरेको एक अनुसन्धानले होचो हाइट भएको पुरुषसँग प्रेम सम्बन्ध तथा विवाह गरेका महिलाहरुको जीवन खुसी रहेको देखाएको छ । यस्तै अग्लो हाइट भन्दा होचो हाइट भएका पुरुषसँग प्रेम सम्मबन्धमा रहेका धेरै प्रेम जोडीहरूले विवाह गरेको समेत अनुसन्धानले देखाएको छ ।

होचा पुरुष धेरै आत्मविश्वासी हुने अनुसन्धानले देखाएको छ । अग्ला पुरुष भन्दा होचा पुरुष धेरै आत्मविश्वासी हुने समेत देखाएको छ । अग्ला पुरुष भन्दा होचा पुरुष सावर्जनिक ठाउँमा वा साथीभाइको बीचमा खुलेर कुरा गर्न सक्ने तथा सबैसँग राम्रो सम्बन्ध राख्ने सक्ने देखाइएको छ ।

यस्तै होचा पुरुषले प्रेममा धोका नदिने समेत अनुसन्धानले देखाएको छ । अग्लो पुरुषको तुलनामा होचा पुरुष आफ्नो पार्टनरप्रति धेरै नै इमान्दार देखिने समेत बताइएको छ । यस्तै होचा पुरुष जीवनमा आएका समस्याहरू सजिलैसँग समाधान गर्न तयार हुन्छन्। साथै सबैलाई प्रेमिल व्यवहार गर्ने खालका हुने समेत देखिएको छ ।

इमरान हाशमीको सिरियल किसर बन्नुको रोचक कथा



अक्सर बलिउडमा कुनै कामुक दृश्यका लागि स्मरण हुने नाम हो, इमरन हाशमी । उनलाई उनको नामसँगै समानन्तर रुपमा 'सीरियल किसर' भनेर चिनिन्छ ।

इमरानले करियरको पूवार्द्धमै आफुलाई बोल्ड र सेक्सी अभिनेताको रुपमा आफ्नो चिनारी बनाए । सन् २००३ मा उनले पहिलो फिल्म खेले । नाम थियो, फुटपाथ । त्यसपछि उनी ३५ वटा फिल्ममा देखापरे, जसमध्ये कति हिट भए कति फ्लप । अतः यहाँ इमरानको बारेमा केही रमाइला प्रसंग पेश गरिएको छ ।

सहायक निर्देशक- इमरान एकैपटक हिरो भएर बलिउड प्रवेश गरेका होइनन् । हिरो हुनुअघि उनले फिल्ममा सहायक निर्देशकको रुपमा काम गरे । विक्रम भट्टको सहायक भएर उनले फिल्म 'राज'मा काम गरेका थिए । यो फिल्म बक्स अफिसमा हिट सावित भयो ।

फुटपाथबाट हिरो- सन् २००३ मा इमरान हिरो बने । सहायक निर्देशकपछि उनले अभिनयमा आफ्नो करियर बनाउन सुरु गरे । यसको प्रवेश विन्दु थियो फिल्म, फुटपाथ ।

अनि भए सुपरस्टार- पहिलो फिल्मबाट उनले अपेक्षित सफलता हासिल गरेनन् । तर, उनले सफलताको लागि त्यती लामो बाटो पनि तय गर्नुपरेन । पहिलो फिल्म खेलेको दोस्रो बर्ष अर्थात सन् २००४ मा उनले अर्को फिल्म खेले, मर्डर । यो फिल्म सुपरहिट भयो । फिल्मसँग इमरान पनि रातारात हिट भए । यही एउटा फिल्मले उनलाई सुपर स्टार बनाइदियो ।

बोल्ड छवी- यही फिल्मबाटै इमरानले आफ्नो बोल्ड छवी बनाए । फिल्म 'मर्डर'मा उनको अपोजिटमा थिए हट अभिनेत्री मल्लिका शेरावत । फिल्ममा दुबैलाई बोल्ड देखाइएको थियो । उनीहरुको केमेस्ट्री दर्शकले रुचाए पनि । यो फिल्मको गीत अझ हिट भयो ।

सीरियल किसर- फिल्म 'मर्डर'मा इमरानलाई जसरी कामुक भावभंगीमाका साथ प्रस्तुत गरियो, त्यसले उनको चिनारी पनि बदलिदियो । उनी इमरान भन्दा पनि 'सीरियल किसर'को रुपमा बढी चर्चित भए ।

मर्डरपछि उनले आवारापन, शंघाई, वान्स अपन अ टाइम इन मुम्बई, क्रुक, दिल तो बच्चा है जी, मर्डर-२, द डर्टी पिक्चर, हमारी अधुरी कहानी, अजहर, राज रीबूट जस्ता फिल्ममा अभिनय गरे ।

सन् २००५ मा आएको फिल्म 'आशिक बनाया आपने' फिल्मबाट इमरान फेरी बोल्ड रुपमा पेश भए । यस फिल्ममा उनी तनुश्री दत्तसँग देखिएकी थिए । फिल्ममा दुबैबीच बोल्ड र किसिङ सिन दृश्यांकन गरिएको थियो ।

इमरान अनवर हाशमीको रुपमा एक मुश्लिम पिता र ईशाई परिवर्तित मुस्लिम माता (महेश भट्टकी बहिनी)को कोखबाट जन्मिएका हुन् । पछि उनले आफ्नो नाम बदलेर फरहान हाशमी राखे ।

इमरानले मुम्बईको सिडेनहैम कलेजबाट स्नातक गरेका छन् । अभिनेत्री तथा निर्देशक पूजा भट्ट, निर्देशक मोहित सूरी र अभिनेत्री स्माइली सूरी उनका भाई बहिनी हुन् । इमरानले बाल्यकालमै आफ्नो नाम बदलेर फरहान हाशमी बनाए । पछि फेरि उक्त नाम बदलेर इमरान हाशमी राखे ।

एक अर्न्तवार्ताका क्रममा इमरान हाशमीले भनेका थिए कि सीरियल किसरको ताज कसैलाई दिनुपरेमा उसले आलिया भट्टलाई दिनेछन् । एक अर्न्तवार्तामा उनले आफ्नी पत्नी परवीनले उनलाई अनलक्की मान्छन् । यद्यपी उनलाई अनलक्की भन्नुको कारण परवीनले उनको फेवरेट गेम 'पोकर'को लागि हो । किनभने उक्त गेम इमरानले कहिल्यै जितेनन् ।

इमरान हाशमीका अनुसार उनी अभिनेता बन्न चाहँदैनथे । तर, दुर्घटनावस उनी अभिनेता भए ।

इमरानले एक किताब किस अफ लाइफ लेखेका थिए । यो किताब उनका छोरोले क्यान्सरसँग कसरी लडे भन्नेमा आधारित थियो । किताबमा लेखिएको थियो कि उनका छोरोले क्यान्सरलाई कसरी जित्यो

केशरीले पाँच दिनमा करिब ८८ करोड कमायो

एजेन्सी । बलिउड अभिनेता अक्षय कुमार अभिनित पछिल्लो रिलिज 'केशरी' ले वक्स अफिसमा पाँच दिनमा करिब ८८ करोड भारू कमाइ गरेको छ ।

सिनेमाले रिलिजको पहिलो दिन बिहिबार २१ करोड भारू कमाइ गरेको थियो भने शुक्रबार १७ करोड कमाउँदा शनिबार भने २० करोड कमाएको भारतीय संचारमाध्यमले जनाएका छन् ।

यस्तै सिनेमाले आइतबार २२ करोड भारू कमायो । वक्स अफिसमा सिनेमाको कमाइ अझै उत्साहजनक छ । सिनेमाले सय करोडको आँकडा सजिलै पार गर्ने बताइएको छ । सिनेमाले सोमबार ८ करोड बढिको कमाइ गरेको छ । दर्शकहरूले सिनेमालाई रूचाइरहेकाले यसको कमाइले निर्मातालाई राम्रै मुनाफा दिने अनुमान छ । सिनेमामा अक्षय कुमार तथा परिणिति चोपडा मुख्य भूमिकामा रहेका छन् ।

सिनेमालाई भारतमा, त्यो पनि विशेषगरी उत्तरी भारतका दर्शकहरूले विशेष रूचाएका छन् ।

सिनेमा 'सारागढीको युद्ध'मा आधारित ऐतिहासिक सिनेमा हो । सिनेमा यस वर्ष रिलिज भइसकेका सिनेमामा सबैभन्दा ठूलो सुरूवाती व्यापार गरेको सिनेमा हो ।

सिनेमा संसारभरका कुल ४२०० स्क्रिनमा रिलिज भएको छ । करण जोहरले निर्माण गरेको यस सिनेमाका निर्देशक अनुराग सिंह हुन् ।

पार्टी प्यालेसको दुनियाँमा ए-क उत्कृष्ट नाम
शंखधर पार्टी प्यालेस
सम्पर्क: ६६३८१६५, ९८४१४१६९११ (श्याम सुन्दर श्रेष्ठ), ९८४१३६८५३५ (पुरुषोत्तम श्रेष्ठ)
शंखधरचोक, मध्यपुर थिमि-१३ (शंखधरचोकबाट ५० मिटर दक्षिणतर्फ)
अत्याधुनिक सुविधासहित रमणिय पारिवारिक वातावरणमा विवाह, ब्रतवन्ध, तथा अन्य शुभकार्य लगायत सेमिनार एवं विविध प्रदर्शनीको लागि सधैं सम्झनुहोस् ।

स्तरीय कपडाका साथै भरपर्दो सिलाईको लागि
तुल्सी टेलर्स
लेडिज एण्ड जेन्ट्स
सर्टिङ्ग सुटिङ्ग सेन्टर
मध्यपुर थिमि शंखधर चोक
(काठमाडौं जाने बसस्टपसँगै पहिलो
मो. ९८४१-२९९३४९ फोन नं. ६६३५७७०
अफिस, स्कूल र कलेजको ड्रेस सिलाउनुका साथै टाई पिन, बेल्ट र पर्सहरु पनि पाईन्छ ।

इन्द्रेणी पोलिटेक्निक इन्ष्टिच्युट
सिटिईभिटीबाट सम्बन्धन
मध्यपुर थिमि-१५, गठ्ठाघर,
फोन नं. ०१-६६३०२५६, ९८५१०९९७०६
युवा स्वराजगार कार्यक्रमको लागि कृषि, इलेक्ट्रीकल्स, कार्पेन्टर, प्लम्बर, वाटर पम्प मर्मत, आल्मुनियम एण स्टेनलेस स्टिल फेब्रिकेटर, कम्प्यूटर, स्टिल फर्निचर, व्यूटिसियन, केयर गिभर तालिमको लागि सम्झनुहोस् ।

राजभक्त श्रेष्ठ
बिजेन श्रेष्ठ
राज अटो पार्टस
मोटरसाईकलको पार्टस र एसेसरिज
मध्यपुर थिमि-१५, गठ्ठाघर, भक्तपुर
गठ्ठाघरचोकबाट सानोठिमी जाने बाटोमा
email: bikertimes46@yahoo.com

इमेलः thimi_times@yahoo.com
इमेलः thimitimes.weekly@gmail.com
वेवपेजः http://www.thimitimes.com.np
थिमि TIMES
27 March 2019 Wednesday

उपत्यकाको......

को बताए । 'यो सडकखण्डमा पिक आवरमा २१७ वटा सवारीसाधन गुड्ने सर्भेले देखाएको छ,' उनले भने, 'यो एकदिन मात्रै गरेको सर्भेको रिपोर्ट होइन । दुई सातासम्म लगातार गरेको सर्भेको सरदर रिपोर्ट हो ।'

उनका अनुसार अब सवारीको चाप अनुसार नै ट्राफिक व्यवस्थापन समिति रणनीति बनाउनुपर्ने जरुरी भइसक्यो । काठमाडौं महानगरपलिका सहरी विकास आयोजनाले गरेको प्रारम्भिक सर्भेले भक्तपुरबाट कोटेश्वरतर्फ बिहान र बेलुकाको पिकआवरमा १९ हजार ३ सय ३४ दुईपांग्रे सवारीसाधन कोटेश्वर भित्रिने गरेका छन् । सर्भे अनुसार भक्तपुर बाट कोटेश्वरतर्फ बिहान ६ हजार ४ सय ६८ चार पांग्रे सवारीसाधन भित्रिने गर्छन् । बेलुकीपख कोटेश्वरबाट भक्तपुर तर्फ ८ हजार १ सय ७० चार पांग्रे गाडी जाने गरेको प्रारम्भिक अध्ययनले देखाएको छ ।

अध्ययनले कोटेश्वर चोकमा बिहान ९ बजेदेखि ११ बजेसम्मको पिक आवर मा १० हजार १ सय ७५ जना पैदलयात्रुले बाटो काट्ने गर्छन् । त्यस्तैगरी बेलुकाको ४ बजेदेखि ६ बजेसम्मको अवधिमा १० हजार ७० जनाले बाटो काट्ने गरेका छन् । भक्तपुरबाट सातदोबाटोतर्फ जाने सवारीको संख्या १० प्रतिशत मात्रै देखिएको छ ।

बानेश्वर चोकमा बिहानको पिक आवरमा पाँच हजार ८ सय ६२ पैदल यात्रुले बाटो वारपार गर्ने भेट्टिएको छ । बेलुकाको पिक आवरमा ६ हजार ४ सय ७४ जनाले बानेश्वरको चोकबाट बाटो वारपार गर्ने महानगरको प्रारम्भिक सर्भेले देखाएको छ । पूर्वट्राफिक प्रहरी हाछेंथु प्रारम्भिक सर्भेले बानेश्वर र कोटेश्वर चोकमा पैदलयात्रुको लागि अनिवार्य रूपमा आकाशेपुल वा ओभर हेड ब्रिज बनाउनुपर्ने बताउँछन् ।

कोटेश्वर चोकमा बिहान र बेलुकाको पिक आवरमा मात्रै २६ हजार भन्दा धेरै सवारीसाधन गुड्ने गर्छन । कोटेश्वर चोकमा बिहान ९ बजेदेखि ११ बजेसम्म र बेलुकी ४ देखी ६ बजेसम्म २० हजार भन्दा धेरै पैदलयात्रुले बाटो काट्ने गर्छन् । जसको कारणले कोटेश्वर चोकमा पैदलयात्रुको लागि तत्कालै आकाशे पुलको आवश्यकता देखिन्छ ।

प्रहरी निरीक्षक हाछेंथु कोटेश्वर चोकमा अन्डरपास तथा फ्लाइओभर को विकल्प नभएको बताउँछन् । 'कोटेश्वर चोकमा जामको दीर्घकालीन अन्त्य गर्न अन्डरपास वा फ्लाइओभर को विकल्प छैन,' उनले भने, 'अहिले कोटेश्वर चोकमा तीनैतर्फ घुमेको आकाशे पुलको आवश्यकता भइसक्यो ।'

टुँडिखेलमा प्रतिमिनेट २९४ वटा सवारीसाधन गुड्ने गरेका छन् । महानगरले गरेको प्रारम्भिक सर्भेका अनुसार टुँडिखेल आसपासमा प्रतिमिनेट १८३ वटा दुई पांग्रे सवारीसाधन चल्ने गरेका छन् । त्यस्तैगरी १०९ वटा चार पांग्रे सवारी गुड्ने गरेको छन् ।

काठमाडौंको मुख्य चोकमध्ये अत्यधिक मात्रामा टुँडिखेल आसपासमा सबैभन्दा धेरै सवारीको चाप हुने गरेको सर्भेले देखाएको थियो । काठमाडौं महानगरपालिका सहरी विकास योजनाका शाखा अधिकृत सुशील सुवेदीले महानगरपालिकाले आन्तरिक रूपमा ट्राफिक व्यवस्थापनको विषयमा अध्ययन भइरहेको बताए । काठमाडौं महानगरपालिका सहरी विकास आयोगका सदस्यसचिव सरोज बस्नेतले काठमाडौं उपत्यकाको कोर एरिया र मुख्यचोकमा सवारी तथा यात्रुको चापको विषयमा अध्ययन भइरहेको बताए । 'सहरी विकास आयोगले कुन चोकमा कति सवारीसाधन गुड्छन् । कति पैदलयात्रुले बाटो काट्छन् भन्ने विषयमा अध्ययन गरिरहेका छौं,' उनले भने, 'अहिले ट्राफिक व्यवस्थापनको अध्ययन गरिरहेका छौं । अबको केही समयभित्रै महानगरपालिकालाई प्रतिवेदन बुझाउनेछौं ।' उनका अनुसार टुँडिखेल, काठमाडौं मल अगाडि, रत्नपार्क, सहिदगेट, पुतलीसडक, सिंहदरबार, थापाथली, माइतीघर, बानेश्वर, कोटेश्वर लगायतका १३ स्थानको सवारीचाप र पैदलयात्रुको चापको विषयमा अध्ययन गरिरहेका छौं । अहिले दुई पांग्रे र चार पांग्रे सवारीसाधन कति गुड्छन् भनेर अध्ययन गरिरहेका उनले बताए । 'काठमाडौंको कोर एरियाको सवारीचाप र पैदलयात्रुको चापको अध्ययनपश्चात निर्माण गर्नुपर्ने पूर्वाधार को बारेमा सुझाव दिनेछौं,' उनले भने, 'लगभग अध्ययन सकियो । अब प्रतिवेदन तयार पारेर महानगरलाई हस्तान्तरण गर्नेछौं ।'

सूर्यविनायक-कोटेश्वरको दूरी १२.८ किलोमिटर छ । कार्यालय समयमा अर्थात् (पिक आवर)मा यो दूरी पार गर्न सार्वजनिक सवारीसाधनलाई एक-डेढ घण्टासम्म लाग्ने गरेको छ । ट्राफिक नियमअनुसार सहरी क्षेत्रमा प्रतिघन्टा ४० किलोमिटरसम्म गतिमा सवारी साधन गुडाउन पाइन्छ । यो गतिमा गाडी गुड्न पाउने हो भने सूर्यविनायक-कोटेश्वरको दूरी १९ मिनेटमै तय गर्न सकिन्छ । तर, अत्यधिक ट्राफिक जामकै कारणले १९ मिनेटमा पार गर्न सकिने दूरीका लागि समेत एक-डेढ घन्टा लाग्ने गरेको छ । सूर्यविनायकदेखि कोटेश्वरसम्म कम्तीमा चार स्थानमा लामो जाम हुने गर्छ । पिक आवरमा कौशलटार, लोकन्थली र जडीबुटी चोक पार गर्न बढीमा डेढ घन्टासम्म लाग्ने गर्छ । महानगरीय ट्राफिक प्रहरी प्रभाग कोटेश्वरका प्रहरी निरीक्षक भगिरथ रेग्मीले भक्तपुरबाट आउने सवारीसाधन १० मिनेट देखि ४० मिनेटसम्म जाम हुने बताउँछन् । 'कोटेश्वर चोकको सडक 'बोतलको घाँटी' जस्तै आकारमा साँघुरिएको छ,' उनले भने, 'कोटेश्वर बाट आएको आठ लेनको सडक दुई लेनमा खुम्चिएको छ । त्यतिमात्रै होइन, एयरपोर्ट एरियाबाट आउने सवारीसाधन पनि दुई लेनमा नै खुम्चिएको छ। जसको कारणले ट्राफिक जाम बढेको हो ।'

कोटेश्वर र जडिबुटी चोकको जाम कम गर्न सडक विभागले अघि सारेको मनोहरा कोरिडोर डाइभर्सन गरेर साना सवारीसाधन चलाए पनि ट्राफिक जाम कम नहुने देखिएको छ । महानगरपालिको सहरी विकास विभागले गरेको अध्ययन अनुसार पिक आवरमा भक्तपुर बाट ललितपुरको सातदोबाटोतर्फ जाने सवारीसाधनको संख्या १० प्रतिशत मात्रै देखिएको छ ।

सडक विभागले गत सोमबारदेखि जडीबुटी आपपासबाट साना सवारीसाधन मनोहरा कोरिडोरमा सवारी डाइभर्सन गरेर सञ्चालनमा ल्याएको छ । जसमा साना सवारीसाधन गुडाउन सकिनेछ । उक्त डाइभर्सन सञ्चालनमा ल्याएपछि भक्तपुरबाट ललितपुरतर्फ जाने साना सवारी बालकुमारी हुँदै ललितपुरतर्फ सोझै कोरिडोर भएर जान सक्नेछन् ।

प्रहरी निरीक्षक रेग्मीले मनोहरा कोरिडोर सञ्चालनमा ल्याउँदा केही हदसम्म भए पनि ट्राफिक चाप कम हुने बताउँछन् । अरनिको राजमार्गमा जाने अधिकांश सवारीसाधन कोटेश्वर बाट छुट्ने गर्छन् । कोटेश्वर चोक अहिले मिनिबसपार्कजस्तै छ । जनकपुर, ओखलढुंगा, सिन्धुली लगायतका पूर्वी जिल्लामा जाने सवारीसाधन सडकमा नै रोकेर यात्रा चढाउने गरिन्छ । अर्कोतर्फ कोटेश्वर चोकमा नै बस स्टप रहेको छ । जहाँ लामो दूरीका सवारी साधन दिनभरजस्तै पार्क गरेर राखिएका हुन्छन् । जसको कारणले पनि भक्तपुर, पेप्सीकोला लगायतका स्थानमा चल्ने सवारीसाधन सडकमा नै रोकेर यात्रु चढाउने र झार्ने भएको पनि चोकमा अत्यधिक जाम भएको हो ।

'कोटेश्वर चोकमा रहेको बस पकेट हटाउन सकेमा पनि धेरै हदसम्म जाम कम हुन्थ्यो,' प्रहरी निरीक्षक रेग्मीले भने, 'बस पकेट सडक विभाग मातहत हुने भएकाले ट्राफिक प्रहरीले हटाउन सकेको छैन ।'

निजी .....

कुनै पनि शुल्क तिर्न नपर्ने व्यवस्था गरेको छ । यसअघि विद्यार्थीले नीजिमा मात्र होईन, सरकारी विद्यालयमा पनि परिक्षा शुल्कदेखि सर्टिफिकेट र मार्कसिट लिनका लागि छुट्टाछुट्टै शुल्क तिर्नुपर्ने बाध्यता रहेको थियो ।

यसैबीच मध्यपुर थियिका सामुदायिक विद्यालयको गुणस्तर उकास्न नीजि क्षेत्रका विद्यालयले सहयोग गर्ने भएका छन् । नगर प्रमुख श्रेष्ठका अनुसार, नीजि क्षेत्रका विद्यालयले सहयोग गरेर नगर क्षेत्रका सरकारी विद्यालयको शिक्षाको गुणस्तर बढाउँने सहमति भएको हो ।

इट्टांभट्टा......

क्षेत्रभित्र इटा भट्टा हटाउने अभियान नगरपालिकाले सञ्चालन गर्ने बताउनुभयो । उहाँले आगोले नपोलीकनै बिजुलीबाटै अत्याधुनिक रुपमा उत्पादन हुने इटा उद्योग सञ्चालन गर्न भने नगरपालिकाले प्रात्साहन गर्ने उल्लेख गर्नुभयो । कार्यक्रममा नगरपालिकाका उपप्रमुख वीना बास्तोलाले भट्टाका कारण नगरको सुन्दरता नै कुरुप बनेकोले व्यवसायीहरुलाई अन्य वैकल्पिक पेशा सञ्चालन गर्नेतर्फ ध्यान केन्द्रित गर्न सुझाउनुभयो । नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत चिरञ्जिवी तिमिल्सिनाले भट्टाहरु नगरपालिकाको नियमन क्षेत्रभित्र आइसकेको अवस्थामा प्रदुषणयुक्त भट्टाहरु सञ्चालन गर्ने छुट अव नगरपालिकाले दिन नसक्ने बताउनुभयो ।

वडा नं. ३ का वडा अध्यक्ष श्यामसुन्दर धिमालले भट्टाले नगरपालिकालाई तिरेको करभन्दा कैयौं गुणा प्रदुषण उत्पादन गरि नागरिकको स्वास्थ्यसँग खेलवाड गरेको बताउनुभयो । सो अवसरमा इसिइसिपीका इन्स्ट्रक्टर अर्जुन भट्टले चाइनिज प्रविधि मार्फत प्रदुषण मुक्त अत्याधुनिक इटा उद्योग सञ्चालन गर्न सकिने भएकाले त्यस्तो प्रविधिको प्रयोगतर्फ केन्द्रित हुन व्यवसायीलाई सहजीकरण गर्नुभयो । कार्यक्रममा भक्तपुर इटा व्यवसायी संघका अध्यक्ष नातीभाई हेम्बा, व्यवसायी सुरेश खत्री, राजकुमार लामालगायतले व्यवसाय वन्द गर्ने मानसिकता भन्दा पनि इटा उद्योगको सुधार गरेर व्यवसाय व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभयो ।

आदर्श......

भवनमा सञ्चालित १० वटा कक्षाकोठा क्षतिग्रस्त भएको थियो । विद्यालय भवन पुनर्निर्माणका लागि सोमबार प्रदेश नम्बर ३ का सांसद डा. राजेन्द्रमान श्रेष्ठले शिलान्यास गरे ।

प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन इकाई शिक्षा (सीएलपीआईयू) ले क्षतिग्रस्त विद्यालय भवन मौलिक शैलीमा पुनर्निर्माण गर्न अस्वीकार गरेको हो । 'क्षतिग्रस्त भवन पुनर्निर्माणका लागि करिब ७० लाख रुपैयाँ विनियोजन भएको थियो,' विद्यालय व्यवस्थापन समिति अध्यक्ष विजयकृष्ण श्रेष्ठले भने, 'सीएलपीआईयूले मौलिक शैलीको नक्सा अस्वीकार गर्दै विनियोजित बजेट फिर्ता गयो ।'

भक्तपुरका अन्तिम राजा रणजित मल्लले आफ्नी रानी गंगा महारानीका लागि निर्माण गरेको नौतले दरबार विभिन्न कालखण्डमा भत्किएको र जीर्णोद्धार गर्ने क्रममा दुई तलामा सीमित भएको स्थानीय बताउँछ । तलेजु भवानी मन्दिर परिसरको उक्त भवन गंगा महारानीको इच्छाबमोजिम चारैतिर बाटो राखेर बनाएको भन्ने कथन छ । गंगा महारानीले ७ वटा घर हटाउन लगाएर उक्त भवन निर्माण गर्न लगाएको कथन छ । २०२१ मा स्थापना भएको आर्दश माविको भवन २०२३ मा जीर्णोद्धार भएको तथ्यांक रहेको विद्यालयका प्रधानाध्यापक बुद्धिकुमार घोले बताए ।

नगरपालिकाले आदर्श माविलायकूलाई नगरको नमुना विद्यालय घोषणा गरी सुविधासम्पन्न संरचना निर्माणलाई जोड दिएको नगरप्रमुख श्रेष्ठले बताए । नमुना विद्यालयमा पूर्वाधार, स्वच्छ खानेपानी, शौचालय व्यवस्थापन, ल्याब निर्माण लगायत छन् । क्षतिग्रस्त विद्यालय भवन पुनर्निर्माणका लागि उपभोक्ता समिति गठनको प्रक्रियामा रहेको प्रधानाध्यापक घोले बताए ।

उपभोक्ता समितिमार्फत प्रशासन, १० वटा कक्षाकोठासहितको दुईतले तीनवटा भवन निर्माण गरिने उनले बताए । भवन पुरातात्त्विक चुना, सुर्कीको प्रयोगमा दलिन राखेर बनाउने जनाएको छ । विद्यालयको दुईवटा भवन प्रवलीकरण गरिसकेको छ ।

आदर्श माविमा स्वच्छ खानेपानी स्वच्छ विद्यालय कार्यक्रम अन्तर्गत प्रदेश ३ सामाजिक विकास मन्त्रालय 'शिक्षा विकास निर्देशनालय' बाट १० लाख रुपैयाँ विनियोजन भएको विद्यालय प्रशासनले जनाएको छ । उक्त बजेटको लागतमा शौचालय स्तर वृद्धि, अन्डर ग्राउन्ड रिर्जभ ट्यांकी निर्माण गरिने प्रधानाध्यापक घोले बताए । हाल विद्यालयमा एक हजार ५० विद्यार्थी अध्ययनरत छन् ।

विद्यालय भवनको पुनर्निर्माण विद्यालय व्यवस्थापन समितिमार्फत स्थानीय विकेश श्रेष्ठको संयोजकत्वमा ५ सदस्यीय पुनर्निर्माण उपसमिति गठन भई कार्य प्रारम्भ भएको समिति अध्यक्ष श्रेष्ठले बताए ।

– सार्वजनिक निकायहरुले आफ्नो निकाय सम्बन्धी सूचना प्रत्येक तीन/तीन महिनामा बिभिन्न राष्ट्रिय भाषामा प्रकाशित गर्नुपर्ने तथा आम सञ्चार माध्यमको उपयोग गर्नुपर्ने कानूनी व्यवस्था छ । यसको पालना भए नभएको नागरिकले चासो व्यक्त गर्नुपर्छ ।

– प्रत्येक सार्ववनिक निकायले सूचनाको वर्गीकरण गर्नुपर्छ । ती निकायहरुले सूचनादाताको संरक्षण गर्नुपर्छ । कानून बमोजिम क्षतिपूर्ति दिने गरी आयोगबाट निर्णय भएमा क्षतिपूर्ति रकम उपलब्ध गराउनु पर्नेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

मो नं. ९८४१३७७४४०, ९८४१६२१७३७
प्यासिफिक फुड ल्याण्ड
मध्यपुर थिमि, भक्तपुर-१४, (अरनिको हाइवेसँगै बालकुमारी कोलोनीसँगै)
यहाँ २०० जना सम्मको लागि शुभ कार्य तथा सेमिनार गोष्ठी कार्यक्रम गर्न हलको व्यवस्था पनि छ । साथै क्याटरिङको व्यवस्था पनि छ ।

ऐतिहासिक नगरी मध्यपुर थिमिमा सबैभन्दा ठूलो व्यापारिक स्थल
मध्यपुर मार्ट
मध्यपुर थिमि ६, नगरपालिका मार्ग
हाम्रा विशेषताहरू:
२४ सै घण्टा सुरक्षागार्डको व्यवस्था ।
पूर्णरुपमा सि.सि क्यामरा जडित मार्ट ।
पर्याप्त पार्किङको व्यवस्था ।
पर्याप्त सरसफाईको व्यवस्था ।
व्यापारिक स्थलभित्र खुल्ला तथा फराकिलो बाटो ।
Email: madhyapurmart@gmail.com

Ganga Digital Electronics
Madyapur Thimi-13 Shankhadhar Chowk
Phone 6637615
(नयाँ शाखा मध्यपुर हस्पिटलसँगै)
Ph. 6638743
KONKA Whirlpool ROWA WEGA SONY force SAMSUNG LG

प्रगति टेलर्स
लेडिज एण्ड जेन्ट्ससर्टिङ्ग सुटिङ्ग सेन्टर
अमर पार्टी प्यालेस अगाडि, दक्षिणबाराही मार्ग
मो. ९८४१-२९३२६६ फोन नं. ६६३२०४६
बिगत २१ बर्ष देखि निरन्तर रुपमा सेवा दिदैं आईरहेको

मध्यपुर इलेक्ट्रीक सेन्टर
मध्यपुर थिमि नपाः१५, गट्ठाघर
k|f] kl s[0f >]7
मो. नं. ९८४१-६५८४३४
फोन नं. ०१-६६३४६१६

Balkot Block & tiles Udhyog

कम्प्यूटर होलसेल
cartridge refill & Sales
Computer sales and repairing
Computer networking
Inverter, Battery & DVR (c/c camera)
Global IT Support
Sundar Shrestha
Shankhadhar Chowk, Thimi
Near Sunuhara Party Venue
www.sundarstore.com
Ph: 01-6638110

तपाईहरुको चिरपरिचित
प्रो. अष्टबज्र बज्राचार्य
हिराबज्र ज्वेलरी
मध्यपुर थिमि-१३, शंखधर चोक
Hira Bajra Jewellery
MADHYAPUR THIMI-13, SHANKHADHAR CHOWK
Tel: 6632809
सुखको गहना, दुःखको खजाना

प्रकाशक/कार्यकारी सम्पादकः दीपक श्रेष्ठ, सम्पादकः ई. सूर्य बहादुर प्रजापति सम्बाददाताः गोपाल (न्हां) श्रेष्ठ, दिपीका श्रेष्ठ कार्यालयः सुन्दरनगर, मध्यपुर थिमि-३, भक्तपुर, फोनः ६६३३६५२, ९८५११०२२७३, ५५४३४६९ (ललितपुर) मुद्रणः धिम्ले अफसेट प्रेस, अनामनगर, सल्लाहकारः मदनकृष्ण श्रेष्ठ, कृष्णमोहन जोशी, कृष्णलाल गोजा श्रेष्ठ